दायित्व

(सामयिक संकलन)

वर्ष २ २०४५ वैसाख अङ्क ४

प्रधान सम्पादक
लक्ष्मी पन्त

सह सम्पादक
तारा कार्की

प्रबन्धक
राम प्रसाद पन्त

सल्लाहकार
डा. मथुरा के. सी.

सहयोगीहरू
हेमलाल न्यौपाने
ठाकुर प्रसाद शर्मा
पदम ध्वज के. सी.
महेन्द्र पौडयाल

मूल्य रू. ५/--

प्रकाशक:- दायित्व परिवार

विषय-सूची

के ?	कसको ?	कहाँ
भेटवार्ता		
साहित्यकारल चाकरी र बेइमानी गर्नुहुँदैन	फणिन्द्रराज 'खेताल',	३२
कथा		
१. विस्थ रित	भूचन्द्र गौतम	३
२. एक टुक्रा अतीत	ए. बी. सिंह (अस्कल)	१८
३. आशंकामा छटपटिएको हत्या	वीरेन्द्र राई	२८
४. कस्तो माया!	यराप शर्मा	५१
स्मृति/संस्मरण		
१. स्वर्गवासीको पत्रहरु	रमण	४१
२. इरानमा श्रीमती कुदार्जी सितको १ घण्टा ३५ मिनेट	डा० मथुरा के सी.	१०
✪ सामयिक चर्चा	कमल प्रसाद लवाली	४७
कविता		
१. नयाँ वर्ष आउ तिमीलाई मेरो स्वागत	पुष्पहरि क्याम्पा राई	१
२. तीन छेम्का	युवराज 'नयाँघरे',	१६
३. यसपाली वसन्त आएन	कुमार बहादुर कार्की	१७
४. भग्नावशेषबाट उद्घाटन	रवीन्द्र पुरी	२२
५. तपाई लाग हुनुहुन्छ	मुकारी पराजुली	२४
६. उजाडिएको जिन्दगी	वसन्त बाग चन्द	२६
७. तिमीले बाँच्नु परेको छ !	अमृत लाती क्षेत्री	२७
८. तिम्रो मुस्कान	संजल अहमद	३९
९. बाबुले गालामा सुम्सुम्याउँदा	वासुदेव अधिकारी	४५
१० बुद्धको मन्दिरामा	धरती चन्द्र 'यात्री',	५०
११. लहुर	इन्द्र कुमार श्रेष्ठ	५५

सम्पादकीय

आज दायित्वको दूधे बालकले आफ्नो प्रथम बार्षिकोत्सव मनाएर दोस्रो वर्षको दिनहरूमा पाईला चाल्दैछ। वयः क्रम अनुसार यसले आफ्नो स्वरुपमा ल्याउन सकेको प्रगतिले दायित्वका प्रिय पाठकहरूलाई पनि अवश्य खुसी तुल्याएको होला भन्ने कुरामा हामी विश्वस्त छौं ।

साँच्चै भनुं भने आजको सन्दर्भमा शुद्ध साहित्यिक पेशा अपनाउन खोज्नेले ऐश्वर्यको चौतारी चिन्न खोज्ने अर्थकामी संग मिल्नता गाँस्न सक्तैन । जुन साहित्यिक संस्कार बसेका व्यक्तित्वलाई चुनौती पूर्ण मान्नु पर्छ । आजको साहित्य अर्थग्राही भएकोले पनि नैतिक जिम्मेवारी लिन खोज्ने साहित्यकारहरुको लागि यो पेशा अफाप हुन सक्छ ।

हो, पाठकको अभावमा साहित्य लंगडो भए पै साहित्यिक संचरणमा अर्थ शक्तिले एक सुक्ष्म तन्तुको काम गरिरहेको हुन्छ । यसी भन्दैमा साहित्यलाई अर्थसंग समीकरण गर्न खोजिएको होईन । साहित्यको स्थान सधैं उच्च छ र त्यसलाई कुनै पनि विघ्न बाधाले विचलित गराउन सक्तैन । त्यो स्वयं स्फुरित हुन्छ जसको गति वेगवान हुन्छ त्यही सच्चा र सारपूर्ण हुन्छ । कुनै पनि कामबाट सफलता हासिल गर्न त्याग र परिश्रमको आवश्यकता पर्छ। त्यसको फल मीठो र पाचनशील हुन्छ पनि । नाम चलाउने धेयले काम अगाडी सार्यो भने त्यो काम अन्ततः असफल हुन्छ र जनताको आँखाबाट खस्नु पनि पर्छ । बूढापाकाहरु भन्छन- "दामको लागि नाम नखर्चनु बाबु, नामको लागि दाम खर्चनु ।"

तर दुःखको कुरा हाम्रो परिवारमा त्यस्ता नामेलुहरु देखा परे जस्ले विश्वासको हौंक दिएर परिवारको लिष्टमा नाम दर्याए अनि लाभको आश नदेखे पछि सुईकुच्चा ठोके, पुनः फर्केर आएनन । त्यति मात्र होईन सहयोगको आश देखाएर आफ्ना नातिदारका बिज्ञापन छपाउन पनि पछि परेनन । तिनीहरुले अवश्य सह

योग गरे बल पुऱ्याए पत्रिकाको स्तर बढाउन होईन कि स्तर गिराउन । एकजना पदलोलुप पत्रिका बिक्री गर्ने ठेक्का लिएर अचानक देखा परे अनि पत्रिकाको संख्या समेत वृद्धि गराई एकातिर आर्थिक भार थपे भने अर्कोतिर पत्रिका बिक्रीको कुनै पनि अंश उपलब्ध गराएनन । यसको अलावा ती महाशयले आफूसंग सम्बन्धित एउटा फर्मको ठूला ठूला अक्षरमा प्रचार प्रसार गराए अनि दृष्य पटलबाट अस्ताए ।

अतः यस्ता चाटुकार देखि हामी सजग र सचेत हुदै आएका छौं र पत्रिकाको परिशुद्धि तर्फ हामी प्रयत्नशील छौं । हाम्रो साहित्यिक यात्रा निश्चित दिशा तर्फ लम्किरहेको छ हामीले विश्वास लिएका छौं जति सुकै अवरोधले पनि हाम्रो गतिमयतालाई असर पार्न छैन । प्रतिभा कहिल्यै मर्दैन र मर्न सक्तैन । जस्को अगाडि लोभ लालच वितृष्णा दबिएरै रहेको हुन्छ र दबिदै जान्छ पनि । त्यसैले हामीलाई त्यस्तो स्वच्छ साहित्यिक प्रतिभाको खोजी खडकिएको छ । स्वागत छ त्यस्ता उदबुद्ध जगतका श्रृष्टिकर्ता लाई ।

अन्तमा सम्वत २०४५ को पुनती उपलक्ष्यमा समस्त नेपालीको घर दैलोमा शान्ति सुविवेक, प्रगति एवं समृद्धिले बास जमाओस, यही शुभकामना छ ।

नयाँ वर्ष आऊ
तिमीलाई मेरो स्वागत

– पुष्पहरि क्याम्पा राई 'आशिष'

नयाँ वर्ष आऊ, तिमीलाई मेरो स्वागत ।
प्रसस्त कोशेलीहरु लिएर आऊ, तिमीलाई मेरो आशिष ।
घरकी नी बूढी आमालाई हँसाउने कोशेली लेउ
बालकलाई रमाउने
बुढा बाबालाई फूर्ति दिने
प्रौढ बाबुलाई जागरुक बनाउने
गृहिणी आमालाई उपदेश दिने
शक्ति बोकेर आउ ।
म युवक छु,
त्यसैले-
तिमी मलाई जोश र जाँगरले
भरिपूर्ण उत्साह देउ ।
म त्यसलाई बहन गर्न तैयार छु ।
बरु, यति भए पुग्छ हामीलाई
तर नयाँ वर्ष तिमीले कतै विश्वास घात पनि गरेका छौ
त्यसैले,
अब यस्तो गल्ती नदोहोऱ्याउ
तिमी बिहान उदाएको सूर्यको गति संग होइन,
समुद्र भेट्टाउन उर्लेका खहरे सग बग्न सक ।

चैत्र वैसाखको दूषित हावा वनेर होइन
माघ महिनाको कन्वन ठण्डी भएर आउ ।
तिमीलाई मेरो मन भरिको माया ।
नयाँ वर्ष !
तिमी त कहिले पाप गर्न पनि तंसिन्छो
पोहोर तिम्रो आगमनमा
खुसियाली मनाउन सकिएन
किनकि तिमीले,
आफू संग सगै महगीको मूल्य लिएर आएका रहेछौ
त्यसैले चुप चाप वसियो
जुस पिउने सोखमा पानी पिएर
चामल खाने सुरमा गहूँको माड खाएर ।
नयाँवर्ष भित्र्याइयो ।
तर ठिकै छ
त्यसरी नै बिताइयो त्यो वर्ष
त्यसकारण,
नयाँ वर्ष यसपाली त आउ तिमी
असारको झरि भएर, धान रोपौंला
हली र खेताला खोजी वेशी करौंला
तिमी गीत भएर गुञ्जिनु
म भाका बाँधी स्वर थपुँला
आउ नयाँ वर्ष तिमीलाई मेरो स्वागत ।
तिमीलाई मेरो स्वागत !!

विस्थापित

– डा. ध्रुबचन्द्र गौतम

पूर्वकथाको सार संक्षेप–

("शहर भन्दा हुस्क हुने एउटा गाँउले अनाडि केटो काठमाण्डौमा घरबनाई बसेको सौताने दाजु (जो कुनै मन्त्रालयमा उपसचिव थियो) कहाँ बस्न आउछ केबल आफ्ना लगाउने कपडा बोकेर। दाजु निर्क धनी हुन्छ, छोराछोरीहरू बोर्डिङमा पढ्छन्। ती सबैको अगाडी उ एक उपहासको रुपमा देखिन्छ")

क्रमशः

तर बिस्तारो तिनीहरूको ऊ प्रतिको अपरिचय वा संकोच त्यो जे पनि हुँदो हो हट्दै गयो। त्यसको ठाउँमा सामान्य नियम अनुसार केही आत्मीयता आउनु पर्थ्यो। केटाकेटीहरू फास्ट रहेछन्, एक चोटि वितृष्णा रुर्को र घृणा जस्तो केहीमा उल्के। त्यस कारण कहिलेकाहीं त पछि यस्तो पनि भएको थियो। उ लम्पसार परेर कुनै पुस्तक पढ्दै बसेको छ। केटाकेटीहरू आउँछन् र भन्छन्–"अंकल, यहाँ हामीलाई पढ्नु पर्यो, हजुर एक छिन घुमेर आइसियोस।"

तिनीहरूको बोलीवचन राम्रो थियो। त्यसकारण अपमान गरे पनि शिष्टता पूर्वक गर्थे। तिनको पनि विवशता थियो। तिनीहरूलाई बिश्वास थियो, त्यो कोठामा पढ्यो भने डिभिजन आउँछ आउँछ। भने त्यो कोठा तिनीहरूले रोज्नु अनुचित थिएन।

उसलाई सबभन्दा असजिलो त्यस बखत लाग्थ्यो, जब घरमा कुनै अरू पाहुना आउँथ्यो। त्यो पाहुना निश्चय नै ऊभन्दा बढी हैसियत राख्ने हुन्थ्यो। ऊ त के थियो! उसको दाईको सबैका लागि काटेर फालिएको जिन्दगीको एउटा गलत हिस्सा। अरू त्यस्ता हुँदैनन्। खुन् भाउजुको माइती तिरको वा त्यस्तै किसिमको मानिस पर्यो भने त सुनमा सुगन्ध नै हुने भो।

स्पष्ट थियो, त्यस्तो पाहुनाको सुत्ने प्रबन्ध पनि उसको त्यो तथाकथित कोठामा हुन्थ्यो । यही मुश्किल हुन्थ्यो ऊ एउटा कम बोल्ने र गम्भीर प्रकृतिको मानिस थियो । एकान्त उसलाई निकै मन पर्थ्यो तर छउमै पलङ हालेर सुतेको पाहुना र उसका बिभिन्न क्रियाकलाप उसलाई असजिलो बनाइ रहन्थे । उ एक जना थियो र बेला बेलामा आउने ती बिविध पाहुनाहरूका बिबिध बानी बेहोरा हरू उसले एक प्रकारले लप्नै पर्थ्यो । तिनीहरू चुरोट खान्थे, तर ऊ नखाऊ भन्न सक्तैन थियो । कहिलेकहीं कोही बाहिरबाट लर्बरिदै आएर रातभरि कोठामा रक्सी र प्याजको संयुक्त मुस्लो गुम्स्याइ रहन्थ्यो । त्यस्तो पाहुनामा कुनै यस्तो पनि हुन्थ्यो जो रक्सी र ठिटीको समेत आनन्द दिएर आएको हुन्थ्यो त्यस्तो पाहुना आएर उसका अगिल्तिर सारा प्रसङ्ग एक एक गरी बयान गर्न थाल्थ्यो । कसरी त्यसले सबै लुगा फुकाल्न मानिन कसरी मैले रण्डीको सारा लुगा फुकालेरै छाडें, आदि आदि ।

ऊ चौबीस बर्ष पनि नपुगेको एउटा गाउँले नवयुवक थियो । गाउँले नवयुवक भएकोले होइन, यस्ले कुनै किसिमको अनुभव पटक्कै जीवनमा नभएकोले, यस्ता कुरा सुन्दा ऊ थरथरी काम्न थाल्थ्यो । उसलाई उत्तेजना आउनु साटो पसिना आउन थाल्थ्यो । अनि बिहान आफ्ना छोराछोरीको भबिष्य प्रति उत्तरदायी गम्भीर र चिन्तित भएर कसरी धन कमाउँ भन्ने यी अधबैंसे महोदयहरू राति आइमाईको कुरा यस्तरी गर्थे जस्तो तन्ना र तकियाको कुरा गरिरहेका हुन ।

उसलाई केही भन्नु पर्ने देखिदैन । किनभने भोली पल्ट सुट टाइ वा दौरा सुरुवालमा तिनीहरू यति सभ्य, ऐन कानूनका पालक र राष्ट्राभिमानले गर्मीत देखिन्थे कि उसलाई यी मानिसनै बेग्लै हुन भन्ने सन्देह हरेक पटक उत्पन्न हुन्थ्यो

यिनै अनेक कारणहरू जुटिदिए । उसले सकेसम्म शहर घुम्ने बानी आफ्नो बसाल्यो, यसले गर्दा ऊ आफ्नो भनिएको कोठा अर्काको सुबिधाका लागि बढी मा बढि छाडेर निश्चिन्त हुन सक्थ्यो । घुम्न थालेपछि बिस्तारै उसको यस्तो बानी बस्न गयो कि ऊ काठमाडौं शहरलाई आन्तरिक हृदयदेखि प्रेम गर्न थाल्यो आफ्नो २४ बर्षको जीवनमा उसले अरू कुनै शाहर देख्न पाएको थिएन, जसले गर्दा काठमाडौंलाई उसले पहिले प्रेम दिन पाएको थियो । ऊ दिन दिन भरि सडक

हरूमा त्यसै भौंटारिइ रहन्थ्यो, उद्देश्य केही पनि हुँदैन थियो, यही हुन्थ्यो कि ऊ शहरलाई बारम्बार हेरोस । काठमाडौंले उसलाई भोको राखोस, नो केयर नोकरी रहित बनाओस बास्ता छैन, अपमान – पीडा जे देओस, सब झोली थापेर लिन्छ । तर यो शहरलाई छोड्न सक्तैन । यसले दारामा चढ्नेको होस कि पंजामा, ऊ परम सुखको अनुभव गरिरहन्छ ।

नोकरी खोज्दा ऊ पोखन र चलाख मात्र होइन, निडर पनि भएको थियो । ऊ कुनै पनि ओहोदाको मानिससंग धक नमानेर मात्र होईन, मित्र मानेर कुरा गर्न सक्थ्यो । नोकरी पाइएन त्यो बेग्लै कुरा हो । तर जति गुण उसका यहाँ आएर विकसित भएका थिए, त्यसका लागि ऊ काठमाडौं प्रति कृतज्ञ थियो, विभोर थियो, मुग्ध थियो ।

घरमा खाने पर्वाह न ऊ गर्दथ्यो न घरका मानिसहरू गर्थे । त्यस कारण कहिलेकहीं उसको खानपिनमा गडबड उत्पन्न हुन्थ्यो । त्यस्तो दिन ऊ भोको पेट काठमाडौंका डिजाईन डिजाईनका भवनहरूलाईयस्तरी हेर्थ्यो,जस्तो आँखाले अलि अलि गरेर बिल्डिङ चपाईरहेको होस अथवा भोक ज्यादै बढ्यो भने, कुनै स्कूल निर बसेर ती छात्राहरुलाई यस्तरी हेर्थ्यो जो भर्खरै छातीतिरबाट उठ्न थालेका थिए । केही समरा हुन्थे । जुर्मुराईसकेकाहुन्थे । यी दुबैको बीचमा ऊ हो कि होईन देखि शुरू भएका छात्रादेखि लिएर, दगुर्ने लाज मात्र छात्रासम्म हुन्थे, जसलाई डर हुन्थ्यो, तिनीहरू दगुर्नु अगि नै, तिनका अङ्ग–प्रत्यङ्ग दगुर्छन् । त, ऊ यी सबले पनि भोकाएको बखत आफ्नो काम चलाउने प्रयत्न गर्थ्यो । उसलाई लाग्थ्यो यो कतै बिकृति त होइन ? तर पछि यसकारण विकृति होइन भन्ने साबित गर्थ्यो कि भोक अझै बढेपछि बढेको भोकमा उसलाई नबढेको छाती हेर्ने मन लाग्थ्यो न कसैलाई प्रेमिका बनाउने सपना, जुन कि अन्य परिस्थितिमा धुमधामले लाग्ने गर्थ्यो । ऊ केवल पेट भर्ने उत्कट अभिलाषामा हुन्थ्यो । आफूसंग भएको पैसाको चना-केराउ नै खाएर होस्, कुनै साथीको घरमा पाहुनै लागेर होस । अन्त्यमा केही सीप नलाग्दा कोठामा गएर पखिन थाल्थ्यो, कहिले अन्य केटाकेटीहरूको खाजा खाने बेला हुन्छ र ऊ पनि त्यही मौका छोप्छ । निर्लज्ज जस्तो लागे पनि लागोस । उपाय नै नभएपछि के लाग्यो ? भाउजूको अनुहार इस्त्री गर्नुपर्ने जस्तो देखिन्छ, तर के लाग्यो ? बुभुक्षिता किं न करोति पापम् ? तर यसमा पाप त के

छ, उही तिनीहरुको अनुहार त्यस्तो देखिन्छ, त्यसैले हो नत्र त के ? बानी परिसक्यो अब । शहरमा नोकरीरहित ग्रॉन्नलाई अलिकति लज्जारहित त हुनै पर्दो रहेछ, त्यसकारण ऊ अतिकति छ पनि/ पाईएको छ निशुल्क छानो र दुई छाक (एकाध छाक छोडेर) टक्न भोजन भने, मान्छेलाई चाहियो के ? तर एउटा पक्का कुरा त के हो भने, उसको निर्लज्जता जे छ त्यो छदैछ घरका मानिसहरुको छन के अवस्था होला, जसलाई काठमाडौंले वर्षौं देखि सिकाई दिएको थियो । सल्लाह कहिले, कहाँ के गर्नु पर्छ ? त्यहाँ त ऊ जस्तो गाउँले मानिस चिन्ता नै पर्न बाध्य भई हाल्छ नि ?

त जुन एउटा बिहान ऊ सुतेर उठ्यो, त्यो एउटा बिहान कुनै पनि अन्य बिहान भन्दा कुनै अर्थमा फरक थिएन । उही बिहान, उसैगरी उसलाई ब्यूँझाएर कतै हिंडीदिएको थियो । ठीक अफिस जानुभन्दा केही अगि, अझ भनुँ दौराको तुना बाँध्दै, उसको दाई कोठामा पस्यो । भाउजू पसी । एक-दुई छोराछोरी पसे ।

यो एउटा अप्रत्यासित प्रवेश थियो । ऊ कसङ्ग पनि भएको थियो । बाबु वा आमालाई केही त भएन ? तर दाजुको मुख अपेक्षाकृत शान्त थियो । भाउजू अवश्य गम्भीर थिइन, जसमाथि उसले ध्यान दिएन । भाउजूको हातमा एउटा टेलिग्राम अथवा के जस्तो कागज थियो ।

दाइले बोल्यो । त्यति बोल्न त उसले खोक्नु समेत परेन । कुनै अप्ठ्यारो मनमा भएन हो, खोक्ने-खकार्ने? उसले भन्यो– "दीपू आज आउँदैछ..... !"

यतिकै । उसले सबथोक एक निमेषमा बुझ्यो । यति बुझ्यो कि फेरि बुझ्नलाई केही बाँकी रहेन, बुझ्नलाई बुझेपछि जस्तै ।

दीपू तिनीहरूको जेठो छोराको नाउँ हो, दीपराज खनालको छोटो नाउँ । उ आज भइरहेको छ माने, यो उसको कोठा हो । ऊ पो अरुसंग शेयर गर्न सक्छ, किनभने ऊ आश्रित थियो । तर दीपू सक्तैन । भाउजूले हजारौं पटक भनिसकेकी थिई - दीपू आयो भने त यो कोठामा कोही बसेको मनपराउँदैन । हामीलाई त पस्न दिँदैन ..... पढ्ने छोरोलाई त्यति सुविधा पनि त दिनै पर्यो नि ?

अब आइपुग्ने भए त थियो पढ्ने छोरो । अति देशको यो मृतिका उद्योग बनेको छोरो ऊ, अब जाँदै थियो प्रिय काठमाण्डौको माटोमा लडिबुडी खेल्न, अथवा माटोमा, धर्ती-पुत्रका रूपमा लीन हुन । उसले सोच्यो, प्रवीन युगमा कि

सीताजी माटोमा मिलेकी थिइन कि अब दोश्रो नेपाली मिल्दै छ, ऊ ।

दाईले भन्यो - विदा विदामा आउदै गर्नु । यसो भेटघाट पनि भइरहन्छ, टेष्ट चेन्ज पनि हुन्छ ।"

त्यसपछि सबै जना जसरी आएका थिए त्यसै गरी पर्केर गए । ऊ यति एक्लो आफूलाई देख्न थाल्यो, जस्तो फिलिम हेरिरहेको होस् । कुनै समारो ल्याण्ड स्केपमा एक्लै उभिए जस्तो ।

त्यसपछि ऊ निस्क्यो । आफ्नो थोत्रो जुत्ता खोजेर लगाए पछि । यता ऊ दीपूले छाडेर गएको जुत्ता लगाएर हिड्थ्यो इन्टरभ्युमा प्रभाव पर्छ भनेर ।

बाहिर निस्केंदा, ऊ चोर जस्तो निस्क्यो । ऊ फेरी विदा हुनका लागि तिनी हरूका सामुन्ने उभिन चाहँदैन थियो । साँच्चिकै कसैले देखेन पनि । अलिकति होलो लाग्यो । बाहिर सडकमा निस्केर काठमाडौलाई आँखाले छुदै, अनुभव गर्दै हिड्न थाल्यो । धेरै बेर बिते पछि उसले सम्झ्यो , हवारमा भात खाएर आउनै बिसेंछ बिसेंको पनि होइन । भात खान भनेर पखिने परिस्थिति कहाँ थियो त ?

अब भोक लागिरहेको थियो । उसले आफ्नो खल्ती छाम्यो दुई रुपियाँ रहेछ । ऊ अलिक दोधारमा पऱ्यो । दुई रुपियाको जे पाईन्छ, त्यो खाएर भोक शमन गर्ने कि बस चढेर एउटा साथी कहाँ गएर केही रुपियाँ सापटी माग्ने ? साथी लगन-खेलसा बस्थ्यो । बसमा जाँदै दुई रुपियाँ त सखापै भईहाल्छ तर सापट पाएपछि त सारा दुःख स्वतः समाप्त हुन्छ । त्यसकारण उसले निर्णय गऱ्यो भोक खपेर भए पनि लगनखेल जाने र पेटभरि खाने यो भन्दा सरल उपाय उसले देखेन ।

साथी घरमा थिएन । अक्सर गरेर दुर्भाग्य आउदा यसैगरी लाम लागेर आउँछ एक पछि एक गरेर, अनुशासित किसिमले । हिडेरै फर्किनु पर्ने भयो । माथि अर्को संकट पानी दर्किनै आटेछ । ऊ जति भ्याए पनि हिड्छु भनेर लम्किन थाल्यो ।

बाबाथली निर आएपछि पानी दर्किन थाल्यो । शुरूमा ऊ अलिक रूकदै अलिक ओत लाग्दै हिडिरह्यो । ऊ भोक र शहरको आनन्द दुवै अत्यधिक रूपमा अनुभव गरिरहेको थियो । तर पछि एक पटक ऊ राम्रै भिज्यो अनि उसले ओत

लाग्न छाडिदियो । वर्षाको आनन्द लिंदै हिंडिरह्यो । सडक सुनसान थियो, त्यसकारण निकै एक्लो थियो ऊ । कुनै कुनै आउने जानेले उसलाई अनौंठो आँखाले हेर्थ्यो । उसले वास्ता गरेन । त्यत्तिकैमा एउटा मानिस ऊ निर लम्कंदै आयो । त्योसित छाता थियो ।

"–तपाईं त रुझ्नु भएछ" त्यसले भन्यो "ओढाइदिउँ ?"

ऊ हाँस्यो– 'अब ओढेर के गर्नु ?'

त्यसपछि त्यो मानिस अन्ततिर लाग्यो ।

उसले कति दिनदेखि नुहाएको थिएन । ऊ त्यही एक ठाउँमा पहिले उभिएर पछि बसेर, हात र घाँटी मल्न गाल्यो । मंल माडिदै, परेको पानीले पखालिदै गरिरहेको थियो । यो उसलाई रमाईलो लाग्यो । ऊ धेरै बेरसम्म त्यहाँ बसि रह्यो । साँच्चि भन्ने हो भने, आँखै चिम्लेर ।

पानी थामियो । यस्तरी थामियो कि सर्र घाम लागेर आयो । सडकमा मानिसहरू देखिन थाले । अब उसलाई हिड्दाखेरि निकै सङ्कोच अनुभव हुन थाल्यो । घाम लागिरहेको थियो तर ऊ निथ्रुक्क भिजेको थियो । एक–दुई मानिस उसलाई देखेर मुसुक्क हाँस्थे । तर ऊसग कुनै उपाय थिएन ।

धेरैबेर हिंडेपछि उसको लुगामा केही ओबानोपन आयो । उसले एउटा घरलाई हेऱ्यो, जहाँ एउटी आईमाई बस्थी, उसकै गाउँकी, संगै पढेकी, अब धनी मानिससंग बिहे गरेर यहाँ आएकी थिई । उसले सोच्ने काम आधा आधा मात्र गऱ्यो वा त्यो पनि गऱ्यो कि गरेन, घरभित्र स्वाट्ट पस्यो । उसको मस्तिष्कमा भोकले घन हानिरहेको थियो । कुन्नी केले हो कपाल टन्किरहेको थियो । अगि पानीमा भिजेर पनि हुन सक्छ ।

आइमाई आफ्नो छोरीलाई गाजल लगाइदिंदै थिई । आईमाई यद्यपि कति वर्षदेखि भेटिएकी थिइन, अहिले पनि आत्मीय लागी कि उसको आँखामा सानोतिनो आर्द्रता अल्किएको देखियो । आइमाईले उसलाई अप्रत्याशित देखेकी थिई । तैंपनि ऊ निकै प्रसन्न थिई । भनी–"कताबाट ?"

–"बीमु, रुलाई सय रुपियाँ दिन सक्छ्यौ ?" उसले एकै चोटीमा भनिदियो । पछिले साहस कर्ते पनि थिएन ।

सोमूले पर्सबाट झिकेर सय रुपियाको एउटा नोट उसको हातमा राखिदी ।

– 'त्त्या खाने होइन ?"

ऊ मुसुक्क हाँस्यो–" यो तिनं आउँदा खान्छु

त्यसपछि ऊ खोलाको बेगमा निस्क्यो । सोझै एउटा होटेलमा पस्यो । टन्न मासुभात खायो । बाहिर निस्केर हिंड्न थाल्यो, केही पनि नसोचेर । निकै बेर हिंडेपछि उसले देख्यो, ऊ घुम्दाघुम्दै बस स्टयाण्ड पुगेको रहेछ । लुगा सुकिसकेको थियो र अगि पानीमा त्यस्तरी भिजेको कुनै चिह्न कतै थिएन । पेट भरिएको थियो टन्न । टन्नभन्दा पनि अलिकति बढी नै ।

ऊ यताउति हेर्दै, नारायणघाट जाने बसमा चढ्यो । पछिल्तिर दुइटा सिट बाँकी रहेछ । ऊ झ्यालतिर बस्यो । उसले हिसाब लगायो आजै गाउँ पुग्न सक्छ कि सक्तैन । तभए नारायणघाट बस्नु पर्छ । बस स्टार्ट हुने हुने बेलातिर एउटी आइमाइ दुई बच्चा सहित आई र उसको छेउको सिटमा बसी । एउटा बच्चालाई आइमाइले उसको र आफ्नो बीचको ठाउँमा कोचिदिई । अर्को सुतेको थियो र काखमा थियो । उसलाई असुबिधा हुन थालेको थियो । तर केहि भनेन । बस हिंडे पछि अन्य यात्रुका पुऱ्याउन आएका आफन्तहरू हात हल्लाउन थाले । भित्रबाट यात्रुहरूका हात त्यसैगरी जवाफ दिईरहेका थिए । उसले पनि ऊयालबाट हात फिक्यो र हल्लाई दियो, यद्यपि उसलाई निश्चित थाहा थियो यस हातको ग्रहण-कर्ता कोही पनि छैन । ऊ हास्न थाल्यो उसले सोचेको थियो– 'काठमाडौं कुनै व्यक्तिको नाउँ हुँदैन, नत्र मेरो काम केही चल्थ्यो ।"

त्यसपछि उसले हात हल्लाउन र हाँस्न छाडिदियो । ऊ गम्भीर भएर आफ्नो सिटको असुविधा भएको कुरा सोच्न थाल्यो र आइमाई प्रति मनमा आक्रोशयुक्त भइरह्यो । त्यसपछि सोच्न थाल्यो, गाउँ गएर उ के के गर्छ ? यस कल्पनाले उसलाई केही होलो तुल्यायो र अब ऊ आफूले गर्ने बाटो सजिलोसँग काट्नलाई अगाल्ने गरेको उपायतिर लाग्यो, अर्थात् निदाउने तरखरतिर । ☐

ईरानमा श्रीमती कुदार्जीसितको १ घण्टा ३५ मिनेट

—डा. मथुरा के. सी.

५ जनवरी १९८८ को कुरा हो। ईरान ईराक युद्ध चकिरहेको छ। पश्चिमी मोर्चामा ईरानले हासिल गरेको सफलताका खबरहरु छापिएका छन। पर्सियन खाडीको स्थिति पनि बिदेशी नौसैनिक बेडाहरूको उपस्थितीले तनावपूर्ण छ। २–३ दिन अघि बंदर अब्बासमा पनि खतराको 'रातो चिन्ह' घोषित गरिएको छ। ईरानियन मोटर बोटहरूले बिदेशी ब्यापारिक जहाजहरूलाई आच्छु आच्छु पारेका छन भने ईराकीहरूको ईरानी तेल संस्थानहरू माथीको हमला जारी छ। बिहान के हुन्छ ! साँझ के हुन्छ ! भोली के होला ! भन्नु बडो गाह्रो तैपनि स्थिति बिस्फोटनशील छ, भनुं।

बिमानघाट बाहिर पनि सेनाको एक गस्ती उभीइ रहेको थियो। शहरका बिभिन्न स्थानहरूमा बिमादभेदी बन्दूकहरू (Anti Aircraft gun) को ब्यवस्था छ। दिउँसोको करिब १२ बजे म तेहरान जाने तर खरमा बंदर अब्बासको बिमानघाटमा ticket check inगर्न लाग्दा, मेरो कानमा मीठो सुरिलो आवाज गुञ्जीयो-सलाम डाक्टर ! हाल-ए-शोम खुब ए ! (नमस्ते, तपाईलाई कस्तो छ ?) उनले पनि हात बढाईन म हिच्की चाउँदै हात मिलाएँ। किनभने, ईस्लामिक नियम अनुसार महिला वर्गले सार्वजनिक स्थानहरुमा हात मिलाउनु उचित मानिदैन। त्यसैले अलमल गरी हात मिलाएँ। तर बिदेशी भएको हुँदा, सजाय नै भोग्नु पर्छ भन्ने डर मलाई कर्म थियो।

उनको टिकट चान्सको रहेछ, confirm भै नसकेको । मैले check in गरि Boarding card लिएँ । Security checking सकी प्रतीक्षालयमा गई बसें । मेरो सीट भन्दा धेरै पछि यिनै महिलालाई बसि रहेको पाएँ । उनले म तिर हेरी मुस्कुराईन । मैले पनि डराई डराई शिर निहुराई अभिवादन फर्काएँ । ती महीलाको नाम थियो-श्रीमती कुदार्जी । करिब २५ वर्षको उमेर, गोरो अनुहार, सुडौल हातखुट्टा शिरमा रूमाल थियो, कालो सर्लक्क परेको केशको अघिल्लोभाग स्कार्फ (हिजाब) बाट बाहिर देखिएको थियो । उनी अति आकर्षक देखिन्थिन । शिर छोप्ने यस किसिमको रूमाललाई ईस्लामिक संस्कृति अनुसार हिजाब भनिन्छ । ईस्लामिक ईरानको कानून अनुसार हिजाब नअपनाउने (केश नछोप्ने) महिलालाई, कोर्रा देखि लिएर विभिन्न अवधिको जेल सजाय दिईन्छ । कसैले पुरै केश ढाक्छन त कसैले अघिल्लो भागको चक्कि देखाई पछिल्लो भाग मात्र ढाक्दछन ।

श्रीमती कुदार्जी एक विवाहिता, वंदर अब्बासको शहीद मोहमदी अस्पतालमा नर्स थिईन । AIR BUS मा मेरो स्थान बीचको लाईनमा थियो भने उनी मेरो दाहिने तिर झ्यालमा थिईन । उनीसंग एक भद्र पुरुष थिए । हामीले पुनः फार्सी भाषामा अभिवादनको आदन प्रदान गर्यौं उनको अनुहारको भाव दृश्यमा मसंग आई बस्न चाहेको प्रतीत हुन्थ्यो । तर संयोग वस उनीसंग भएका भद्र पुरूषले "तपाईहरूसंगै बस्नु भए कुरा कानी गर्न सजिलो पर्छ" भनी श्रीमती कुदार्जीलाई भने । उनी पनि 'बेवा कसीद' (माफ गर्नोस) भन्दै म संगै आई बसिन । मैले "खुश उमादी" (स्वागतम) भनें । उनले पनि "खैली मामनून" (धन्यवाद) भनिन ।

फर्सियन सभ्यता अति उच्च अनि विकसित छ । ईरानियनहरू नरम मिजासका र औपचारिकता बढि अपनाउछन् ।

उनले शुरू गरिन "विमानमा मैले अकसम्म एक्लै यात्रा गरेकी छैन यो प्रथम पटक हो" मैले भने-"मैले जीन्दगीमा धेरै पटक एक्लै

एक्लै यात्रा गरेको छु। श्रीमतीसंग १–२ पटक यात्रा गरे हुंला। अनि तपाईसितको यो मेरो यात्रा एक संयोग हो।

श्रीमती कुदार्जीको विवाह भएको केवल तीन वर्ष भएको रहेछ। करिब २५ वर्ष उमेरका लोग्नेले जहाज रानी निगममा काम गर्दा रहेछन। ईरानीयनहरू विवाह भएपछि चाँडैनै बच्चाहरु हुर्काउन मन पराउंछन। ३ वर्षको विवाहितकाल त्यती लामो त होईन, तैपनि गर्भवती बन्न उनको अविरल उत्कंठा थियो। विभिन्न डाक्टरहरूसंग परामर्श, ईन्भेस्टीगेशन र औषधी अनि उपचारहरू जारि थिए।

उनले भनिन-"मेरो महीनावारी प्रत्येक महीनामा लम्बिदै जान्छ। रगतको मात्रा ठिकैछ, दुख्ने सुख्ने पनि छैन।" नर्स भएकीले होला उनी लाज नमान्दै भनिन "मेरो लोग्ने तन्दुरुस्त हुनुहुन्छ हाम्रो सहवास संतोष जनक छ। मेरो लोग्नेको Sperm Analysis पनि भएको थियो। सबै प्रकार ले सामान्य देखियो। मेरो Gynecological clinical परीक्षण पनि प्राय सामान्य छ। केही अवधि स्त्रिरोग विशेषज्ञहरुको सल्लाह अनुसार Clomid पनि खाएं। Electronic fertility indicator द्वारा तापक्रमको आधारमा Ovulation को हिसाब गरीकन सहवास पनि गरियो तर पनि वात्सल्य प्रेमको अभिलाषा पूरा भएन। वंदर अव्वासमा केही Gynecologist हरूलाई देखाएँ तर परामर्शमा मतभिन्नता देखिएकोले Token को ठूलो Centre मा परामर्श लिन जाँदैछु।"

मैले सोधें "तपाई बच्चा किन Adopt गर्नु हुन्न? मैले एक दम्पतिलाई चिनेको छु उनीहरू मिनावमा थिए। लोग्ने Doctor अनि श्रीमती Nurse। ४–५ वर्षको विभिन्न प्रयास असफल हुंदा एक धर्मपुत्र राखेका छन। एक बेवारिसी जस्तो बच्चा अपनाएका छन जस्को विगतको ईतिहास पल्टाउने हो भने तपाईलाई पनि छसंग होला। भेनाले सालीलाई गर्भवती गराई बच्चा भएको र भेनाले आफ्नो बच्चा हो भनी अस्विकार गरेकोले त्यस बच्चालाई जन्माएपछि दोवाटोमा लगि फालेकी रहीछन।

तर पुलिसले उक्त बच्चालाई अस्पतालमा लिई आयो। साली भेना दुव पुलिसको हीरासतमा थिए र Blood Grouping को आधारमा Leg itimacy test गर्न उनीहरूलाई, तेहरान लगिएको थियो। तर Test सम्बन्धी kits नभएकोले Test भएन।

"उक्त बच्चा मिनाब अस्पतालको शिशु कक्षमा नर्सहरूको स्याहार सुसार पाएर अति सुन्दर अनि अति आकर्षक हुदैंगयो। म पनि कहिले काहीं खेलाउथें। उक्त बच्चा अहिले कति भाग्यशाली छ, एक संपन्नशाली डाक्टर गेरामीको परिवारमा धर्मपुत्रको रुपमा हुर्कीदैछ। डाक्टर गेरामी र श्रीमती हुसैनजेदले एक नयाँ सपनाको निर्माण गरि रहेका छन। बच्चाको नाम "पेजमान" बाट छोट्याई "पेमान" राखिएकोछ। मैले पनि नेपालबाट फर्किदा उक्त बच्चालाई शिशु कक्षमा हुंदा एक जोडी लुगा ल्याई दिएको थिएँ। उक्त बच्चाले म जस्तै धेरै डाक्टर र नर्सहरूको मन जितेकोछ"।

श्रीमती कुदार्जीले भनिन– "यस्तै खालको बेवारिसी बच्चा वन्दर अब्बासको शहीद मोहमदी अस्पतालको शिशु कक्षमा पनि थियो। matron ले धर्मपुत्र राख्न चाहन्छौ कि भनि सोढा मैले नकारात्मक जवाफ दिएका थिएँ। म जवान छु, म आफै बच्चा पाउने कोशिस गर्छु, अरुको बच्चा लाई अपनाउन चाहन्न। अझै के बितेको छ र? फेरि अर्को समस्या डाक्टर! ईरानियन लोग्ने मान्छेहरुले बच्चा नभएमा अर्को विवाह गर्न दाउ पाउछन। त्यसमा पनि वर्तमान ईस्लामिक ईरानमा बहु विवाहलाई कानूनी मानिन्छ। लोग्नेले तलाक दिन चाहेमा कुनै कारण बताउन पर्दैन सजिलै तलाक दिन सक्छन। यहाँ एक नारीको विचार र भावनाको के कदर?"

मैले हसेलो गर्दै भने –"श्रीमती कुदार्जी! तपाई मशाद स्थित ईमाम मोहमद रेजाको मजारमा गई मन्नत किन मान्नु हुन्न। देश विदेश बाट लाखौं लाख मुसलमानहरू आई आफ्नो मनोकामना पूरा गरी जान्छन।"

उनले सोधिन– 'डाक्टर साहेब! के तपाईलाई यस बारे अनुभव छ। के मन्नत (भाकल) वाट इच्छा पूरा हुन्छ र ?"

मैले उत्तर दिएं –"नेपालको हिन्दू समाजमा पनि यस किसिमका अन्ध विश्वासहरु प्रशस्त छन। एक पटक हामी लोग्ने स्वास्नी मनोकामना भन्ने नेपालको पहाडको चोटीमा ३ घण्टाको उकालो पैदल हिडी पुगेका छौं।"

"मेरो लागि तपाई पनि प्रार्थना गर्नोस डाक्टर साहेब भन्दै आँखा भरि आँशु झारिन।" अनि उनले मेरो बालबच्चा बारे सोधिन। "हाम्रो बिबाह भएको ८ बर्ष जति भयो। बिगत ६ बर्ष त श्रीमतीको अध्ययन पूरा नभएकोले बच्चा चाहेनौं। २ बर्ष जति भयो बच्चाको ईच्छा छ तर संयोग त्यस्तै भयो मेरो काम विदेशमा पऱ्यो, बर्षमा १–२ महीना मात्र भेटने अवसर पाईन्छ। सायद Ovulation संग Tally नगरेर त होला।"

मैले भन्दै गएँ– "हाम्रो नेपाली समाजमा पनि अन्धविश्वास र रुढीबादी विचार प्रशस्त छन।

"धेरैले छोरो बिना स्वर्गको बाटो खुल्दैन भन्ठान्छन। तर म आफै यस माथि रत्ती भर विश्वाश गर्दिन। म नारी भावनाको कदर गर्छु। लोग्ने स्वास्नीको अगाध प्रेम अनि आजीवन बन्धुत्वमा विश्वाश गर्छु।"

"छिटैनै मेरी श्रीमती पनि ईरान आउदैछिन, उनी पनि एक डाक्टर हुन। हाम्रो योजना पनि बाल बच्चा हुर्काउने छ। म भगवानको शक्तिमा विश्वास गर्छु तर रूढिबादी विचारधारा प्रति मेरो विश्वास कम छ। हामी उदारवादी र मानव प्रेमी हुनुपर्छ। बच्चा भए वेनै हो, नभए श्रीमतीसंग संबन्ध बिच्छेद गरी अर्को बिवाह गर्ने कुराको घोर विरोध गर्छु। किनभने मेरो र श्रीमती बीचको संबन्धको शुरुआत प्रेम थियो। बच्चा पाउने र स्वर्गको बाटो सपार्ने भन्ने पटक्कै थिएन / मेरा नातेदारहरूका प्रशस्त शिशु छन। सारा नेपालमै शिशुहरुको सख्या उत्तिकै

बढदो छ। दुनियाकै तथ्यांक लिने हो भने, करोडौ शिशुहरुले आवास, पौष्टिक भोजन, सफा पानी, औषधी उपचार, शिक्षा–दीक्षा र ममता पाएका छैनन / हामीले तिनीहरु मध्ये एकलाई अपनाउन सक्छौं / त्यसको सार्थै लाखौ लाख शिशुहरु (जो असहाय छन) उनीहरुको आवास, खानापिना शिक्षा दीक्षा औषधी उपचार र विकास बारे ठूलो भूमिका निभाउन सक्छौ / ती निरीह शिशुहरू हाम्रो स्नेह र ममताको लागि मुख ताकी रहेका छन /',

AIR BUS को उडान अवधी १ घण्टा ३५ मिनेट पनि पूरा भयो। तेहरान मेहरावाद विमान घाटको Terminal Building बाट बाहीर निस्कदा फस फस बरफ परी रहेको थियो / मैले श्रीमती कुदार्जी-लाई तेहरान स्थित मेरो साथीको Telephone humberदिदै"खुदाहाफेज,,भने /

उनी पनि "हम सफर खुश गुजस्त" (हाम्रो यात्रा रमाईलो भयो) "मर्सी!" (धन्यवाद!) भन्दै "खुदा हाफिज!" गरिन /

सिनामंगल काठमाडौं।

हाल:– इरान

नव वर्ष २०४५ ले समस्त देशवासीमा

सुख शान्ति तथा समृद्धिको कल्याण गरोस्।

पूर्ण ज्योति गार्मेन्ट

बत्तिसपुतली काठमाण्डौ।

तीन छेस्का

— युवराज नयाँघरे

१) काठमाडौं –१

देशवाट नै अलग्गिएको त
थियो थियो काठमाण्डौ
देश भरिमा नै प्रसिद्धिलो त
कहलिएको थियो थियो काठमाण्डौ
आजभोली भने यसै पनि उसै पनि काठमाण्डौ
गाँउ छोडी मुग्लान पस्ने रने जस्तै
बिल्कुलै चर्चाको विषयमा छ काठमाण्डौ /

२) काठमाण्डौ –२

रामेले दुलही भनेर डाकेको थियो रे
काठमाण्डौलाई
कालेले बेहुली भनेर डाकेको थियो रे
काठमाण्डौ शहरलाई
तर रामे र कालेका छोराले भने
अर्काको दुलही र बेहुली लूटने
लुटुवा भनि डाकन थालेका छन रे काठमाण्डौ शहरलाई

३) काठमाण्डौ –३

यसै पनि त नामी भा थियो
देशको राजधानी काठमाण्डौ
उसै पनि त सुनामी भा थियो
नेपालको राजधानी काठमाण्डौ
आज भोली भने देशको बदनामीलाई अलिकति
छोपेर भएपनि
चढाइरहेछ सलामी
नेपालको राजधानी काठमाण्डौ /

छापा दमक, हाल:– काठमाडौं |

यसपाली वशन्त आएन

—कुमार बहादुर कार्की

जाडोको असिमीतताताई नाश्न नपाउँ ।
गर्मीको प्रवेश भै हाल्यो
सडकका मान्छेको हातमा रित्तो झोला
अनि रित्तो खल्ती भन्दा केही भएन
आँखामा खुसिको लहर छाएन
त्यसैले होला
यसपाली वशन्त नै आएन।
खडेरीले पोलेर माछो निसास्सीएको छ
मानिसको हातमा पनि विनाशको हतियार छ
त्यसैले होला जङ्गलकोक्षतविक्षतले गर्दा
सधै गाऊने ग्याउलीले गीत नै गाएन
त्यसैले होला यसपाली वशन्त आएन।
बादलका टुक्राहरु तुवाँनो भएर आए
सीतका थोपाहरु पनि आकाशमै हराए
धर्तिमा सीत नपरेरै होला
फूलले प्रित नै लाएन
त्यसैले होला यसपाली वशन्त नै आएन ।

कथा

एक टुक्रा अतीत

—ए. बी. सिंह (अस्कल)

"डघाडी, ! मम्मीले भुजा खान बोलाउनु भयो।" मेरी प्यारी पाँच वर्षकी छोरीले लाडे स्वरमा भन्दै मेरो कोठामा आएर बसी। आज म मेरो मेडिकलमा भएका कुराहरू सम्झिरहेको थिएँ। म एक डाक्टर। कस्तो मस्ति दिन बित्दैछन्। तर मेरो अतीत पनि अमीलो थियो। यहाँ कसैको वास्ता कसैले नराख्नु नै विशेषता छ। विज्ञानको जादूमय संसारमा सबै कठपुतली! आज हाँस्यो, तर भोलि नास्यो यो कसले बुझ्ने! भोलि आउला नआउला कसैलाई फिक्री छैन। खाओ पिओ मोज गरो बस इति! म त भन्छु हिजो दोहरिन्न र भोलि आउने ठोक्का छैन। दुई चार दिन भयो मैले एउटा 'प्यासेन्ट' लाई 'फ्रि ट्रिटमेन्ट' गरी अषौधी पनि दिई पठाएँ। ऊ आयो मेरो सामु र भन्यो—"दाजु, डाक्टर साहेब, ! मेरो घर यहाँबाट धेरै धेरै टाढा छ। म अस्वस्थ छु। म जित तपाईलाई 'फिस' तिर्न पनि पैसा नभएकोले सापट मागेर ल्याएको छु। दया गरी राम्रो हेरी धेरै औषधि बिन्न सल्लाह नदिनुहोला। आफ्नो 'फाइनल' परीक्षा पनि नजिकै छ। मेरो पनि डाक्टर बनेर मेरो गाउँको सेवा गर्ने महान आकांक्षा छ। हेरूँ भविष्यले कता पठाउछ!" उसका वाक्यले मलाई चस चसी घोच्यो। मैले सेवा गरिदिएँ भित्रैदेखि।

छोरीले अत्याई। म झान्छामा गएँ। खाना चिसो भईसकेछ। मैले भनें - सुन त अनु, मैले अस्ति 'फ्रि अफ कष्ट' एउटा केटोको ट्रिट-मेन्ट गरिदिएँ। अनु पनि हाँस्दै भन्दै गइन् — यस्तै गर्नु पर्छ। डाक्टर

त सेकेन्ड गड हुन् । जीवन बचाउँछन् । भुजा जुनार गर्नुस् ।"

मैले खाइवरी सुत्न गएँ । म के के सोच्दैथें अनुले छोरी राखि दिईन् मेरो पलङ्गमा । उज्यालो भयो रात पऱ्यो । दिन विते घामसितै । यसरी हप्ता दिन वित्यो / रात पऱ्यो / संझँदै जिरो वार्ड बालेर पलङ्गमा सुत्न पल्टे / अनु र छोरी निदाए / मलाई निद्रा आएन / मैले मेरो अतीतलाई सम्झें जसले वर्तमानलाई खल्बल्यायो / मेरो सामु अतीत एक ढिक्का भएर खस्यो /

म पनि पहाडे केटो / प्रवेशिकासम्म बाग्मामाले काठमाडौं पढाउने संकल्प गरेथे / मैले पनि पढें / उहिले काठमाण्डौ आजको जस्तो महङ्गो थिएन । मैले एक डेढ सयले महीना गुजारेको थिएँ । हुँदा हुँदा मेरो आर्थिक स्थिति अझ नाजुक भयो । दशमा पुग्दा त सर्वस्व नै भयो । 'इन्टर मिडियट' पढन नसक्ने अवस्थामा भएँ । बोर्ड परिक्षा आउन थाल्यो । बोर्ड परिक्षा पछि मेरो भबिष्य अन्धकारथियो । मेरो डाक्टर बन्ने इच्छा । मेरो मनमा एउटा कल्पना आयो कि म परीक्षामा दसौंसम्म भए छात्रवृत्ति पाउँछु । यसको लागि रातोदिन कठिन परिश्रम गर्न थालें मरेरै पढें । पढ्दा खाए नखाएको पत्तो हुन्नथ्यो । पछि पछि त एक छाक मात्र खाने बानी नै बस्न थाल्यो । डाइट, चिया, चमेना त कुन चरीको नाम थाहै थिएन । पेटमा पटुका कसेर पढियो । जाँच आयो गयो । भनेको जस्तो भएन । परीक्षा पछि ऐना हेरें । दुइलाएर छुट्टी भएँछु । ती दिन सम्झिंदा त आज पनि रिङ्टा लाग्छ । रिजल्ट पनि भयो । रेडियो सुनें बोर्डमा नाम आएन । हरेश खाएर गो. प. हेरेको त दसौं भएको रहेछु । ज्यादै खुशी लाग्यो । एघारौं मात्र भएको भए भविष्य बन्ने थिएन । तरवारको धारको जिन्दगी..... ....

मैले छात्रवृत्ति पाउने भएँ एक सय प्रत्येक महीना । म अमृत क्याम्पसमा पढ्न चाहन्थें तर अमृत क्याम्पस त्यतिबेला महङ्गो थियो प्राइभेट भएकोले । बोर्ड आउनेमा म मात्र त्रि. चन्द्र कलेजमा भर्ना भएँ । पढेर डाक्टर बन्ने उद्देश्यले मेहनत गर्न थालें । छात्रवृत्तिको पैसा तुरुन्तै पाइएन, ऋण मागेर महीना बित्दै गए । घर बाट पैसा आउँदैनथ्यो । फेरि एक छाके गरेर महीना गुजार्न थालें । हुँदा हुँदा अब त एक छाक पनि मुश्किल पऱ्यो । साप्ट मागन पनि लाजै लाग्यो । एक दुई दिन त म

भं कै पानीको भरमा सुतें । अब्बाक्ली भएर नयाँ कित बका पाना च्यातेर पुरानो जस्तो पारेर समोसा वालालाई बेचें र समोसा खाएँ । कोठामा गएर ह्वाँ ह्वाँ रोएँ । आठौं महीना बिल्दा पनि छात्रवृत्ति आएन । मैले आफैंलाई धिक्कारें वरु बोर्ड नआएको भए त आनन्द हुन्थ्यो । चुपचाप बस्ने त थिएँ ।

एक दिन मैले खाना नखाएको दुई दिन भएको थियो । निन्याउरो आँखा लगाएर लुरुलुरु कलेज जाँदैथिएँ एउटी परिचित हिंडीसित भेट भयो । मैले सबै बताएँ । उनले पाँच रुपियाँ दिंदै एउटा अड्डामा रुपिदार मागेको छ भनिन् म त्यही पैसाले खाएर अड्डा गएँ । हाकिमलाई सबै सुनाएँ । मेरो मर्मकहानी सुनेर होला म अन्तरवार्तामा बोलाइएँ । पास पनि भएँ । मैले भनें - "सर, म जागिर बाँच्नको लागि खान्छु तर मेरो पढ्ने इच्छा भएकोले कलेज जानु पर्छ र अड्डाको काम मबाट त्यति आशा नगर्नुहोला ।" यो सुनेर हाकिम हाँस्नु भयो र रु १५० तलब पाउने हाजिर लाउनु पर्ने कुरो बताउनु भयो । मलेढुङ्गो खोज्दा देउता मिलेको अनुभव गर्न थालें ।

यसरी मेरो प्रथम वर्षको परीक्षा सकियो र पनि छात्रवृत्ति आएन । म बौलाहा झैं रन्थनिन थालें । अनि मैले अड्डा पनि छोड्ने, कलेज पनि छोड्ने विचार हाकिम सामु पेश गरें । ऊण्डै मैले आत्महत्या गर्न तयार भएको थिएँ । कोही कोही आत्महत्या गरेको सुन्दा अचम्म मान्छन् तर म यसको कारण राम्ररी बुझ्दछु । अचानोको पीर खुकुरीले के बुझोस् । जब चारैतिर बाटो बन्द हुन्छ तब मान्छेले आत्महत्या गर्छ । परीक्षाको नतिजा आयो पास भएँ तर छात्रवृत्ति आएन । दोस्रो वर्ष भर्ना हुन आपत पर्‍यो । हाकिमले भन्नु भयो- "तपाईं जस्तो प्रतिभाशाली युवकले पनि हार खाने ! ल म पैसा दिन्छु भर्ना लिनास् । जागिर छोडे त तपाईं मर्नु हुन्छ । हिड्नुस् म नै गइदिन्छु छात्रवृत्ति शाखामा ।" अनायासै खुशीले रमाएँ । हामी गयौं छात्रवृत्ति शाखामा । त्यहाँको हाकिमसित भेट भयो । उहाँले "उहिल्यै पठाइदिएको छु, क्याम्पसमा नै रोकिएको होला" भन्नु भयो । मेरो अड्डाका हाकिमको कुरा सुनेर उहाँले दराज खोलेर हेर्न कष्ट गर्नु भयो । हेर्दै जाँदा छात्रवृत्ति दिनु भन्ने तोक लागेको

पत्र त त्यहीं रहेछ । हाकिम लाजले रातो हुनु भयो । म भोकले रातो थिएँ । आँखाबाट आँसु बगे । मलाई सम्झाउनु भयो तर झन् बढी आँसु बगे । पीडाको बाँध भत्केर बगेको आँसुको नदी फूलबुट्टे वाक्यले के रोकन सक्थ्यो । फेरि तोक लगाएर चिट्ठी लेखिदिनु भयो । ढुक्क भएर पैसा बुझ्न क्याम्पस गएँ । फेरि नाममा 'प्रसाद' र बहादुर को फरकले पैसा रोकियो । फेरि रूँदै छात्रवृत्ति माग्न पुगें । बल्लतल्ल एघार महीनाको एघार सय पाएँ । ऋण तिर्दा ठीक ठाक । दोस्रो वर्ष पनि पास गरें । कलकत्ताको छात्रवृत्ति पाएं डाक्टर पढ्न । यहाँ त्यस्तो मेहनत गरेर पढ्न र फेरि कलकत्ता पुगेर पढ्न दिलै लागेन । मैले किन पढ्ने ? एक दिन मर्नु छ । पैसा कमाएर के गर्ने ? बङ्गला बनाएर के गर्ने ? हुइन होइन अब म पढ्दिन । मैले रक्सी खाने,चुरोट पिउने,दिनको तीन सो फिल्म हेर्ने र राती कोठामा आएर रुन थाले । मेरो यस्ता चाला देखेर मेरा रुममेट भन्न थाले– "हेर साथी, तिमी आफ्नो लागि नभए पनि कसैको लागि बाँचिदिनु पर्छ । यहाँ राष्ट्रको इज्जतको सवाल छ । म डाक्टर बनेर जाने तर तिमी यसरी बस्ने ? सोच केही बिग्रेको छैन । तिमीले चाहे नसक्ने कुरो केहो छैन ।" आदि आदी । हो पनि । म हाशमा आएं र धुडा धसेर पढ्न थालें । डाक्टर पास गरें । नेपाल फर्केर डाक्टर साहेब भएं ।

थतिकैमा छोरी रोई । झसङ्ग भएँ । घडीवा रातको एक बजिसकेको रहेछ । सुत्न पल्टें दिइएछु । अनुले मलाई झकझकाएर उठाउँदा आठ बजिसकेको रहेछ । हतपत हातमुख धोइबी खाजा खाएर मेडिकल सम्म पुगुं भनेर जाँदैथें सडकमा झुन्डो लाउनेले बाँसमा एउटा लाश बाँधेर ल्याउँद थिए । मुर्दाको साईत राम्रो हुन्छ भन्छन् तर मेरा पाईला रोकिए र आँखा रसाए त्यो लाश रहेछ त्यही परदेशी डाक्टर बनेर गाउँको सेवा गर्न चाहने उसको कत्रो उद्देश्य । म चुपचाप ठण्डै पसी घर फर्कें !

भग्नावशेषबाट उद्घाटन

—रवीन्द्र पुरी

जलेको घाँस–पातबाट
क्रमशः डढेंलो लाग्दै गरेको,
विक्षिप्त आकारहरूबाट
आक्रोश उद्घाटन हुन लागिसकेको छ,
मेरो माटोको,
मेरो खहरेको .... र
दोबाटाहरूको भग्नावशेषबाट
चुलिदै गएको उसको अस्तित्व पनि
निर्धन – निर्जन,
शुन्य–शुन्य बाँच्न थालिसकेका छन् /
एक्लो
पगत उ
सुकेको हाँगाहरुमा वास वस्न थालेको छ /
उसको पछाडी लाग्ने
असंख्य बुद्धहरु
आपनै माटोमा,
निर्वासित जीवन बिताई रहेका छन्
प्रवासी क्षण बाँचिरहेछन्
इतिहासमा
कुँदिएका

लेखिएका
एक मुठी शान्तिका आश्वासनहरू
एक मुठी परेवा श्वासका वाचाहरू
परिवर्तित हुदैछ
रक्त बिज हरुमा
निलो आकाशवाट
अब, विस्तारै
मरेको परेवा खस्न थालेका छ,
रक्तिम जिन्दगी लटपटिएर
प्रत्येक स्पन्दन
प्रत्येक ढुकढुकी
प्रत्येक गाउँ गोठ र पंधेरी
एउटा युग जागरणको उद्घाटन गर्दै
विसंगति
उत्पीडन
मेरो शान्तिवादको
मेरोयुग बोधको
भग्नावशेषवाट उद्घाटन

+

नव वर्ष २०४५ ले समस्त देशवासीमा
सुख शान्ति तथा समृद्धिको कल्याण गरोस् ।

—मान वहादुर श्रेष्ठ

वसपार्क गोरखा

तपाई लाश हुनुहुन्छ

– मुरारि पराजुली 'विसंगत'

तपाई देशको आश हुनुहुन्छ
हराएका आवाजहरुको सास हुनुहुन्छ
यो अशिलताको वातावरणमा
एकफेर मुक्त कण्ठले
चिच्याएर– परिवेश उघार्नलाई
गह्रुंगा मुक्कीहरू उजाउनु हुन्छ भने
हो, तपाई हाम्रो विश्वास हुनुहुन्छ ।
तत्र अत्याचारमा लाचार र
शोषणको पोषण बनेर
अब पनि खल्ती भित्र हात लुकाएर
क्षितीज हेरेर टोल्हाउनु हुन्छ भने
हाम्रो दृष्टिमा त तपाई
फगत् यौटा लाश हुनुहुन्छ ।
ग्रामाको फरिया चोरीमा
अछै भनुं
उनी माथिको जघन्य बलात्कारमा
एकचोटी स्वारनको बल शिकेर
पातकीहरुका हात बज्रयाउन रुकनुहुन्छ भने
मार्न्छु तपाईको रगतका लागि

तपाई 'स्यावास' को पात्र हुनुहुन्छ ।
नत्र आफू बाँच्नुलाई ठूलो मानेर
विनसित्तीमा किन टाउको दुखाउने भन्दै
केवल लाज मात्रै संझेर
हीनता बोध मात्रै गर्नुहुन्छ भने
म कसरी नभनुँ
तपाई यौटा लाश हुनुहुन्छ !
तपाई जे पनि हुनुहुन्छ
आफैले बनाएर मनलाग्दो हुन सक्नुहुन्छ
आपना बच्चालाई भात पस्कने वेलामा
भोकै सडकमा फँयाकिएको केटोलाई
मनग्गे तृप्ति गराउनु हुन्छ भने
तपाई देशको गास हुनुहुन्छ ।
नत्र, यो एकलैले गरेर हुँदैन भनी
केवल भाषणमै मात्र समानता बोल्नुहुन्छ भने
मैले मान्नैपर्छ
तपाई डराउन पनि नदिने लाश हुनुहुन्छ

मणिग्राम रूपन्देही

नव वर्ष २०४५ ले समस्त देश बासीमा
सुख शान्ति तथा समृद्धिको कल्याण गरोस् ।

मनोकामना गोर्खाद्वार

थाक खोला लज

उजाडिएको जिन्दगी

– बसन्त बाग चन्द

पतझर यो जिन्दगी डढेलो लागिसकेछ
दन्कँदै दन्कँदै कलिलो मुना डढिसकेछ
आँशु र आशको छिर्का सुकिसकेछ
जीवन एक जीवन झैं स्मसान बनि सकेछ ।
सागर ती दुई किनाराहरु
एकै साथ मिलाउनै सकिन,
आँशु र हाँसोको संगम एकैसाथ गराउनै सकिन
गहिराइमा रहेको त्यो तत्व समात्नै सकिन
जति खोजें उति गहिरिएँ उत्रनै सकिन ।
सधैं रोइरहें आँशु थाम्नै सकिन
अट्टहासको हाँसो सिवाय मुस्कान कहिल्यै पाइन
हरियाली शीतल खोजिहिंडे जिसो छहारी कहीं पाइन
रुँदै रुँदै पागल झैं हिंडें लक्ष्य केही पाइन
आफ्नै जिउँदो शरीर हेरें पसीना कहीं देखिन
केवल जीर्ण स्वाँ–स्वाँ आवाज बाहेक केही सुनिन ।

धनगढी, कैलाली

– नोकरी गर्ने अभिप्रायले सिकिने बिद्यालै मानिस उँभो लाग्दैन ।

– पारसमणि प्रधान

– म माटोमा मिलेपनि नयाँ नेपालको निर्माण होस् प्रजातन्त्र फलोस फुलोस मनं नवाओस ।

– देवकोटा

तिमीले बाँच्नु परेको छ !

– अमृत खाती क्षेत्री 'दौतरी'

युवा ! तिमीले देशको लागि बाच्नु परेको छ,
पौने दुई करोड नेपालीले एउटै माला गास्नु परेको छ,
एउटै स्वर र एउटै भाकामा एकजुट भई नाच्नु परेको छ,
युवा ! तिमीले देशको लागि बाच्नु परेको छ ।

हिउलाई बोकी, बैरीलाई रोकी मास्नु परेको छ,
देश बिकास गर्नको लागि श्रम र सीप साच्नु परेको छ,
संपूर्ण युवाले भाले भैंकन बास्नु परेको छ,
युवा ! तिमीले देशको लागि बाच्नु परेको छ ।

स्वदेशमै जन्म्यौ स्वदेशकै लागि बाच्नु परेको छ,
स्वदेशमै फुल्ने फूलको माला गास्नु परेको छ,
एउटै स्वर र एउटै भाकामा हास्नु परेको छ,
युवा ! तिमीले देशको लगि बाच्नु परेको छ ।

बिकाशको बाटो खनेर मोटर गुडाउनु परेको छ,
शान्तिको प्रतीक परेवा जोडी उडाउनु परेको छ,
शान्तिको भेल बगाउन अझै मूल फुटाउनु परेको छ,
युवा ! तिमीले देशको लागि बाच्नु परेको छ ।

पोखरा, कास्की

– हामी वीर छौं तर बुद्धू छौं, हामी बुद्धू छौं त हामी वीर छौं ।

– भूपी शेरचन

– अन्याय र अत्याचारसंग सम्झौता गर्नु जस्तो अपराध अरू कुनै छैन ।

श्री ५ महेन्द्र

आशंकामा छटपटिएको हत्या

– बीरेन्द्र राई

गोधुली समयको प्रहर ! पारी डाँडाहरूमा सूर्यको प्रकाशले रङ्गिएको रक्तिम किरणसंगै विराजमान भएको हिमाली टाकुरामा देखिने मनमोहक चाँदनी दृश्यले पहाडको गोरेटोमा हिडिरहेको सरोजको मन कता कता कल्पना भासमा रङ्गमगिन थाल्दछ । नेपथ्यतिरबाट आएको विरक्त लाग्दो बाँसुरीको रागले त्यो वनको प्रकृतिपनमा सुगन्ध थपिदिन्छ । जहाँ प्रकृतिदेवी पनि सुस्तरी सुस्तरी लोलाउन थाल्छिन् । जहाँ मौनताको लेप मात्र स्थिर रहन्छ । त्यस्तै आए, गए ।

समयको लामो अन्तराल पछि धेरै दिनहरु बिते, सरोजको हिजोको स्वतन्त्र जीवन आज कता ..... ! समयको प्रवाहले मानिसको भावना पनि बदलिन सक्छ, त्यस्तै पिंजडामा कुँजिएकी निसहाय पंक्षी पनि बन्धनमुक्त भएपछि यिनै लोकलाई परित्याग गर्न खोज्दछ सब असफल र निस्काम । साप्सु र राङ-खोलाको मात्र नभई ट्याम्के पोखरीको परिधिको स्वच्छ पवनजलमा १८ वटा गृष्मको थप्पड खाइसकेको सरोज आज भव्य गगनचुम्बी महलहरूको छिडीहरूतिर आफ्नो अमूल्य समयको दुरूपयोग गरिरहेको छ । एक अपरिचित मित्रको विश्वासिलो विचारलाई संगालेर कल्पना गर्छ–रीचाको प्रत्येक पत्रको भावार्थलाई जस्ले हृदयमा मर्म ल्याथो । त्यही मर्मको गुप्त भेद आज छलंङ्गयाउन सरोज आतुर छ ।

नारायणस्थान (बुढानीलकण्ठ) को समीपमा अविरल बहने विष्णुमती खोलाको मधुर संगीतले रीचाको मनप्राणमा कता कता हीनताभाष गराउँछ । फेरि पदार्पण ! आँखाहरूले खोलाको निश्चल जलमा दृष्टिपात गरे पनि रीचाको मनोभावनाले सरोजको मौनाकृतिको परिकल्पना गरिरहेछ । यौनमुक्त मदबेहोस

रीचा आफ्नो विचार त्यन्द्रासित खिल्का छोड्छिन् । पागलपनमा यसरी सरोजको लेखनशैली दोहोऱ्याउँछिन् – "भावनावेशमा आएर विचार त सबैले गर्छन् तर सबै विचारहरूले सीमालाई आवद्ध गर्न असफल हुन्छन् ।" अनि हाम्रो विचार पनि त त्यस्तै..... । रीचालाई शंका लाग्छ ।

आकाश स्वच्छ छ मध्याह्न समय भएकोले होला शौदामिनीको प्रखरताले प्रचूरताको पराकाष्ठालाई पराजित गरिरहेका छन् र पनि रीचाको मनस्थितिलाई त्यति असर पारेको छैन । अनन्ततिर दृष्टि लगाउँछिन् । केशराशिबाट ऊसको पसिनाको निर्मल बिन्दु सेतो गगल्स (चस्मा) माथि टल्पलाउँछ, आँखाको रोसनीमा धब्बा लाग्छ अलु तिमिराउँछ, उस्को भावना हुकिएको र मीठो सपना यथार्थ नै निमिटयान्न जस्तो उसलाई लाग्छ । हताशिने–उदासिने रूमालले पवनको प्रवाह नयन भरि बगाउँछिन । त्यही क्रम धेरै समय सम्म चलीरहन्छ । अनि हृदयदेखि सङ्गाली राखेको सरोजको फोटोलाई हेण्ड ब्यागदेखि निकालेर निर्निमेष हेरिरहन्छिन । कारागारबाट उम्कीएको एउटा डर लाग्दो अपराधी जस्तो भावनालाई सङ्गालेर सरोज विष्णुमतीको पुलमा टक्क अडिन्छ । अन्तरभावना कता कता आत्मग्लानीको अनुभव गर्छ । काल्लो पाइन्ट रातो सर्ट, रोसनी ज्याकको टिपटप आभूषणमा इटालियन सुजले सरोजको यौनयुक्त पुष्ट शरिर अप्सराको पनि मन हर्ने देखिन्छ भनौ भगवानले आफ्नो हातले बनाए जस्तो ! रीचाको स्वीरताले सीमा नाघ्छ, स्त्रीत्वको गर्भ डगमगाउन खोज्छ अनि एकोहोरो हेरिदिन्छीन! खाली शुन्यतामा भनौ ब्रह्माण्डतिर..... !!

सरोजको कायर बोली कण्ठबाट निस्कन्छ तपाईको नाम रीचा ? अनि त्यही शुन्यता !! खोलाको एकोहोरो आवाज छङ्ग–छङ्ग–शायद सरोजको बोली पनि त्यही खोलाको छङ्ग–छङ्ग– संगै बिलीन भयो । रीचा वाहेक सुनि दिने खाली प्रकृति देवी मात्र ! तर के गर्नु भाका रहित प्रकृतिले के उत्तर दिने!

फेरि उही प्रश्न 'प्लिज यक्स्यूज मी, इज योर नेम रीचा ?'

रीचा नतमस्तक निस्तब्ध ! के भन्ने रीचाको कण्ठमा बोली छैन । बोली भए पनि त्यसमा भाका छैन, थियो सरोजसंगको पहिलो भेटमा सब ईश्वरले हरण

गरे झै भयो ।

('सरी म अपराधी–! सरोज ऊ भन्न अगाडि नै रीचाले सरोजको फोटो र उसको तस्वीरले स्वागत गरिन । खाली मौनतामा! अनि विद्युत गतिमा ! 'सरि माफ गर सरोज, बेहोसिनी रीचा यही हो ।' रुद्ध कण्ठले रीचा भन्छे ! यस्तै अरू धेरै कुरा चल्छ त्यसरो नै । समयको आफ्नै गतिमा ऋतुहरूको परिवर्तन भैसक्यो वसन्तहरू आउँदैछन जाँदैछन । वर्षाको मौसममा ढकमक्क हाँसेको नीलकमल आज शिशीरमा सबै ओइलिए / त्यस्तै एउटा अपरिचित मित्रतामा हुँकिएर फूलेको पवित्र प्रेमको फूलमा दाग लाग्न थालि सकेको छ । या यसो भनौ त्यो पवित्र मित्रता केवल काम वासनाको प्यास तृप्त गर्न साधन मात्र बन्न थालेको छ।)

दिन बित्यो,हप्ताहरूले टाप लगाए । महिनाहरुले दुलहिको रातो घुम्टो लोडी सके । मासहरूमा म पनि त हेर फेर अदल बदल भैसक्यो त्यसैले रीचाको जीवनमा पनि उराठ लाग्दो शिशिरको आगमन भैसक्यो । प्रदिप्त रात्रीको रोशनी मा जति न्यानो हुन्छ त्यत्ति त्यति नै चिसो हुन्छ । त्यस्को मतलब रीचाको यौवन । सिनेमा हलको कम्पाउण्ड भरि फिल्म हेर्न मानिसहरुको भिड, टिकट लिनमा क्यू (लाईन) बसेको छ। (उसको) मनको बिभत्स भावनालाई उही क्रममा सम्मिलित गराउनको लागि रीचा पनि सिनेमा हलमा प्रवेश गरिन । भिडमा सारालाई नियालिन, जहाँ ओजस्वी ललितको नीलिमा हरिएको जस्तो युवक माथि पुऱ्याइन । जुन सरोज साथमा अर्की एक नव युवती यौन मत्त प्रेमी लामो सुडौल शरीर पंजाबी ड्रेस, गुलाबी सलले छेकिएको उसको रुष्ट आकृतिमा लामो कपालको मनोगति बटाईको स्टाइलले उस्को नितम्ब अति सुन्दर देखिन्छ ।

आजीवनको लागि सोचेकी रीचाले आफ्नो सबलको प्रणय सुखहरू अब अश्रुधार बनेर वेदनामा नै छटपटाउने भए / उसको हृदयमा बिकराल आशङ्काले जरो गाड्यो / रात त के दिन पनि रीचाले विषाक्त देख्न थालिन् । सारा कल्पनाले सजाएको आकाशीय सुनौलो महल कुनै हलचल बिना नै भत्किरहेको उनले देखिन । सारा शरीर शिथिल ! चाहना शिथिल ! सब शिथिल ! अन्तराल शिथिल ! त्यसैले जिन्दगी नै शिथिलै शिथिल !

अनि शिथिल जिन्दगीलाई मुक्ति दिने साधन मृत्यू मात्र । यसैले उनले त्यो शरीरलाई मृत्यूलाई सुम्पि दिइन । आफ्नै कमजोरीले ।

पत्र आयो, लेखिएको थियो–

धोकेबाज,

माफ गरि देउ, अनि त्यो .....तिम्रो होइन मृत्यूको, रीचुको अन्तिम पत्र पढि मात्र देउ । लेखेका थियौं 'भावना आवेशमा आएर बिचार सबैले गर्दछन तर सबै विचारले सीमालाई आवद्ध गर्न असफल हुन्छ ।' त्यो सानो कुरा नबुझने यो अबोध रीचा आज तड्पिएर.... । मैले पढेको थिएं – आगोको उष्णता जाँच्न वा चाल पाउँन अग्निमा नै होमिनु पर्दछ ।'

पत्र पायौ होला अब मलाई नखोजे पनि हुन्छ । यदि खोज्दछौ पनि किन ! सक्छौ भने सुखी भएर बाँच । मैले त यो नश्वर परलोक तिर ..... !! उही रीचा । इति

भयङ्कर भूकम्प चल्यो, सरोजको जीवनमा के भयो के थाहा प्रष्ट छैन । सुन्छु, रीचाले आत्महत्या गरिन त्यति मात्र ! एउटा दुखान्त कथा नसोचेको व्यथा, हाँस्न चाहनेलाई रुवाउने आँधा रहित दैवको लिला । दुःखीलाई दुखैको बोझ, बिचरा उस्की एउटी बहिनी कान्ती पनि आँधी बेहरीको दुर्घटनामा परिन्, जस्को केही भरोसा छैन । न यो लोक ! न परलोक !

बहिनी भेट्न आज सरोज ज्ञानेश्वरको बाटोबाट वीर अस्पताल जाँदैछ । मनमा बहिनीसंग सिनेमा हेरेको घरी घरी याद आउँछ, फेरि उही निष्ठुरी रीचा-को याद ।

अस्पताल पुग्छु. खबर सुन्छु, कान्तीले पनि यो सन्सारलाई छोडिन रे । बरर.... बरर... अविरल रूपमा नयनबाट आँसुको अश्रुधारा बगिरहेछ । पारितिर हेरिदिन्छु । खालि शुन्यता मात्र !! आकासमा काला बादलका टुक्रा हरू उडिरहेछन् पूर्वबाट पश्चिमतिर एक पंक्ति(हुल) चिलहरू उडेर गइ रहेछन ।

अनन्त ! ..... अन्ततिर..... !! सरोज त्यो हेरिदिन्छ ।।

भेटवार्ता–

साहित्यकारले चाकरी र बेइमानी गर्नु हुँदैन

– खेताला

बि.सं. १९७६ मा पकनाजोल सलाधारी काठमाडौमा जन्मिएका श्री फणिन्द्रराज भट्टराई (खेताला) कोजीवनको शैशवावस्थामा ८० जनाको विशाल परिवार थियो । तराईमा प्रशस्त मौजा भएका श्री खेतालाको प्रथम पठनपाठन सर्लाहीमा भयो भने ६–७ वर्षको उमेर पछि उहाँले बनारसबाट साधारण शिक्षा हासिल गर्नु भयो । त्यसपछि उहाँले बी०ए०सम्मको सर्वे शिक्षा प्राईभेट रूपमै सम्पन्न गर्नु भयो । राजनीतिमा पनि विशेष चाख राख्ने श्री खेतालाले केही समय नेपाली कांग्रेसको कार्यकर्ता भएर पनि काम गर्नु भयो ।

बि०सं० १९९४ मा 'पैसा' भन्ने एउटा छोटो कविता गो०प०मा छपाएर सर्वप्रथम उहाँले साहित्यिक क्षेत्रमा हात हाल्नु भयो । राजनैतिक कारणले तराई र पकनाजोलको संयुक्त परिवारको जग्गा सर्वस्व भए पछि उहाँको परिवार चावेलमा बस्न थाल्यो । रजत वर्ण केश भैसकेका २ छोरा र ४ छोरीका बाबु श्री खेताला हाल कुमारीगालमा स–सानो घर बनाई आफ्नो ६५ वर्षीय वृद्ध जीवन बिताई रहनु भएको छ । तर आफ्नो ०१८ साल देखिको शिक्षक पेशालाई यथावत कायम राख्नु भएको छ ।)

प्रस्तुत छ, उहाँसंगको करिब १ घण्टाको वार्तालाप––

१. यहाँले आफ्नो नामको पछाडि 'खेताला' राख्नुमा के रहस्य होला?

खेताला:– यसमा २ प्रमुख कारणहरू छन् पहिलो कारण हो– त्यसबेलाको राजनैतिक वातावरण ठिक थिएन । केही लेख्न पनि हिम्मत गर्नु पर्थ्यो, मुटु दरो चाहिन्थ्यो । त्यसैले मैले आफ्नो नामको सिधा परिचय दिन चाहिन । अर्को मलाई एउटा घटनाले प्रभावित पारेको थियो त्यो के भने– म पाल्पा जाँदा जङ्गबहादुर राणाका एकजना पनाती कहाँ एक रात बस्ने अवसर मिल्यो । ४०–५० वर्ष उमेरका राणा खलकका मान्छे र १६–१७ वर्षको म जस्तो निम्न स्तरको मान्छे बीच पनि बडो सौहार्दपूर्ण कुराकानी भयो उनी बडो मिलनसार रहेछन् अर्कोदिन बिहान एक जना आएर भने– राजा लाहेब ! आज हाम्रो खेत जोत्ने

हो, आई दिनु होला (गाउँ घरमा एक अर्काको बीच खेतालाका रूपमा सहयोग गर्ने भावना हुन्छ) त्यसैको सम्झनामा पनि मैले 'खेताला, लेख्न थालें ।

२. यहाँको प्रथम कृति कुन हो र त्यसपछिको साहित्यिक यात्रा कुन रूपले चल्दै आएको छ ?

खेतालाः– मेरो प्रथम प्रकाशित कृति 'विजय' नाटक हो जसको प्रकाशन २०१९ सालमा भयो । अन्य दुई एकाङ्कीहरूका नाम हुन– 'नागफनी र स्वास्नी मान्छे, 'मूर्ती बोल्छ, । जसको प्रकाशन क्रमशः २०२८ र २०४३ मा भयो। कविता संग्रहको रूपमा २०२८ मा 'छाँगो र छाया, प्रकाशित भैसकेको छ ।

पुराना कविताहरूको संग्रहको सङ्गालोको रूपमा एउटा कविता संग्रहको भूमिका तयार हुन गई राखेको छ । फाटफुट कथाहरू पनि छन, तर त्यसलाई किताबी रूप दिईएको छैन ।

३. यहाँले आफ्नो साहित्यिक प्रतिभालाई कसरी उतार्नु हुन्छ, त्यसको तरिका वा कुनै निश्चित समय छ कि ?

खेतालाः– मैले अहिले सातवटा नाटक एकैपटक लेख्न शुरू गरेको छु । मेरो वानी यस्तै छ- एकैचोटी धेरै घटनाहरूको पलट तैयार पार्ने अनि फुर्सदको समयमा त्यसलाई बढाउँदै लैजाने । मैले प्रायशः ऐतिहासिक विषयलाइ आधार बनाएर लेख्छु । जस्तै- जङ्ग बहादुर राणाको समय, चन्द्र शम्शेरको सामन्ती शासन आदि आदि / मैले एक खण्डकाव्य पनि लेख्न जाँदैछु त्यो पनि महाभारतको कथामा आधारित हुनेछ । त्यो काव्यको पात्र एउटै छ, जुन पात्रले चौविस घण्टाको अवधिमा कस्तो दृष्टिले हेर्छ । त्यसमा पुरानो र नयाँ सभ्यताको तुलनात्मक अध्ययन गर्ने खोजिएको छ । त्यो कथाको यात्रा हिमाल देखि समुन्द्र सम्मको छ । मेरो अहिले सम्मको काव्यात्मक यात्रा ट्रिपालबाट बगेर पहाडको खोंचसम्म आई पुगेको छ । अब नयाँ सभ्यतामा वा भौतिक युगमा प्रवेश गरेको छैन ।

४. यहाँले साहित्यिक प्रेरणा कसैबाट पाउनु भएको थियो या आफ्नैमनको उपज हो ?

खेतालाः– कसैको प्रेरणा पाएर मैले लेख्न शुरू गरेको होईन । तराईं

तिरबाट आई दरबार हाई स्कूलमा पढ्दा शुरूशुरूमा मलाई निकै अप्ठयारो पर्‍यो । हिन्दीको प्रभावले गर्दा शुद्ध नेपाली बोल्न आउँदैनथ्यो, त्यहाँ लेखनाथ, देवकोटाका कविताहरु लय हालेर गाइन्थ्यो । मैले निकै ध्यान दिएर पढ्थें,लेख्थें जसबाट मैले शुद्ध नेपाली लेख्न सक्ने भएँ र साहित्य तर्फ हात बढाएँ ।

मैले एउटा कविता लेखेर एक जनालाई देखाएँ (जसको नाम म अहिले बताउन चाहन्न) उनले मलाई हतोत्साहित बनाउँदै भने- 'तैं जस्तोले पनि कविता लेख्ने ! धत् यस्तो पनि कविता हुन्छ ?, त्यसपछि मैले एकजनाबाट प्रेरणा पाएँ– ती व्यक्ति थिए- लक्ष्मी नन्दन चालिसे । उनको भनाईबाट उत्साहित भएर १९९९ मा दुईवटा नाटक लेखें, जसमध्ये एउटा नाटक समितिले पास गऱ्यो तर छापेन, अर्को चाहिं पास गरेन । त्यसपछि ०७ सालमा 'सीता स्वयंवर' र ०१४ मा बुद्ध सम्बन्धि दुईवटा नाटक मञ्चन भए ।

५. यहाँको साहित्य रचना गर्न खास समय कुनै छ कि ?

खेताला– त्यस्तो कुनै समय छैन । तर अक्सर म साँझ वा रातमा अध्ययन गर्छु बिहानमा लेख्छु ।

६. साहित्य सेवा गरे वापत तपाईले कुनै पुरस्कार पाउनु भएको छ कि ?

खेताला– पुरस्कार माग्नुपर्छ तर त्यो काम मबाट हुँदैन । मलाई ८- १० वर्षको उमेरमा बाबुले शिक्षा दिएका थिए- "बाबु कसैसंग शीर ननिहुन्याउनु र बदमाशी नगर्नु" गत साल 'रत्नश्री' बाट मलाई आफ्नो संस्मरण संबन्धी लेख माग भए बमोजिम मैले 'म र म भित्रको खेताला' भन्ने संस्मरणात्मक लेख दिएको थिएँ जुन लेखबाट म रत्नश्री पदकको भागी भएँ ।

त्यसै सिलसिलामा उहाँले शो केशतर्फ मलाई ध्यानाकर्षण गराउँदै भन्नुभयो– प्रहरि पत्रिकामा मैले बर्षेनी लेख पठाउँछु उनीहरूले आन्तरिक मूल्यांकन गर्दा रहेछन । ती २ वटा(जो तपाईले शिल्ड आकृतिमा देख्नु भएको छ) मैले प्रहरी पत्रिकाको तर्फबाट पाएको हुँ । कसैले माग्न आयो भने म दिएर पठाउँछु तर छाप्नको लागि म अनुरोध गर्दिन । यो मेरो बानी कहिल्यै भएन । वास्तबमा हात जोडेर लेख छपाएर पत्रिका धनी बनाउने मेरो चाहना पनि छैन ।

७. यहाँको दृष्टिमा वर्तमान नेपाली साहित्यको स्थिति कस्तो छ र कता तिर गैरहेको छ ?

खेताला– अहिलेका लेखकहरुलाई मैले नबुझेर हो कि उनीहरूले मलाई नबुझेर हो राष्ट्रियता जोगाउन मौलिकता चाहिन्छ भनि म चिच्याउँछु तर वर्तमान साहित्य आफ्नो परम्परा र मौलिकतालाई छोडेर पाश्चात्य साहित्यको नक्कल गर्दै अश्लिलता एवं भौतिकता तिर ढल्किरहेको छ । साहित्य त्यस्तो हुनु पर्छ जस्ले अतित र वर्तमानलाई हेरेर भविश्यको संकेत गर्न सकोस । अहिलेको साहित्य त्यस्तो छैन, सबै आ- आफ्नो सूरमा छन । कसैले कसैको साहित्य बुझोस् नबुझोस केही मतलब छैन जति जति चाँडो प्रकाशन गर्न पायो पुग्यो । साहित्य त सबैले बुझ्न सक्ने खालको हुनुपर्छ । शत प्रतिशतले नबुझे पनि कमसेकम असी प्रतिशतले त बुझ्न सक्ने हुनुपर्छ ।

देवकोटा र समले प्रशस्त उपदेश दिएर गए त्यो हामीले कति बुझ्यौं र कतिजनालाई बुझाउन सक्यौं ? देवकोटाको शाकुन्तललाई लिउँ- हामीले त्यसबाट धेरै कुराहरु बुझ्न बाँकि छ । मैले बंगला, हिन्दी, अंग्रेजी धेरै साहित्यको अध्ययन गरेको छु । उनीहरूले पुराना साहित्यकारलाई नबिर्सेर नवीन साहित्यको सिर्जना गर्दै गै रहेका छन् । त्यसैले हामी पनि कम से कम श्री ५ पृथ्वीनारायण शाहका पाला देखिको घटनालाई साहित्यमा उतार्नुपर्छ । इतिहासले मात्र सबै कुरा बुझ्न सकिदैन र इतिहास धेरैले पढ्दैनन पनि । त्यसैले त्यो इतिहासलाई नाटचमञ्चमा मञ्चन गरियो भने दर्शकहरूमा त्यो छाप रहीरहन्छ । समका 'प्रेमपिण्ड, र 'अन्धवेग, ले त्यसबेलाको वास्तविकता झल्काउँछन् । म द्वारा लिखित "फ्यूज गएको इज्जत" टेलिफिल्ममा त्यसैकुरालाई झल्काउन खोजिएको छ । अहिले पनि चन्द्र र जुद्धको शासनकाललाई लिएर लेखदैछु तिनीहरूले पनि तत्कालिन वस्तुस्थितिलाई औंल्याउनेछन् ।

कविता भनेको फुर्सदमा पढेर सन्तुष्टि लिने कुरा हो, कथा उपन्यास महाकाव्य सन्तुष्टि मात्र नभएर अतित र वर्तमानलाई समेटेर भविश्य निर्माण गर्ने साधन हुन, तिनीहरूबाट समोजको चित्रण भएको हुनुपर्छ । खाली प्रयोगवादी चिज जस्तो गराएर राखियो भने कस्ले बुझ्ने ?

अहिले हामीलाई पिरोलेको छ पाश्चात्य प्रभावले । हामीले नेपाली भाषा लाई नेपाली जस्तो गरेर बोल्न जानेनौं । छोराले इङ्गलीस बोल्यो भने बाबु आमा दङ्ग । ठूला बडाहरूले छोरा छोरीलाई त्यस्तै स्कूलमा पढाउँछन् । आफ्नो भाषा र राष्ट्रियताको पतन, धर्ममा समेत नकारात्मक प्रभाव । मैले यसै सम्बन्धमा ध्यानाकर्षण गराउन खोज्छु तर लेखेर केही हुन्छ जस्तो लागेन । छापेको नपढेपछि छापेर के फाईदा ? "बा आमा कि डयाडी मम्मी" मा इङ्गलीस प्रभावलाई व्यङ्ग गर्न खोजिएको छ तर जनताले हाँसोको रुपमा लिएका छन ।

८. नयाँ शिक्षा पद्धतिले नेपाली भाषा र साहित्यमा के कस्तो प्रभाव पार्‍यो, यसबारे यहाँको केही टिप्पणी छ कि ?

खेताला– २०२६ सालमा शिक्षा मन्त्रालयबाट एउटा पत्र आयो । त्यसबेला मैले फर्पिङमा पढाउँथे । त्यहाँबाट मैले आफ्नो मन्तव्य लेखी पठाएँ । मेरो विचारलाई लिएर माथिबाट सोधनी भयो– तपाईंलाई जागीर खाने मन छ कि छैन, । अब त बुझ्नु भयो मेरो नयाँशिक्षा पद्धति प्रतिको धारणा ?

मैले मुस्कुराउँदै मुन्टो हल्लाएँ । अनि उहाँले अगाडी भन्न लाग्नु भयो– "शिक्षाको आफ आफ्नो क्षेत्र हुन्छ, कहाँको शिक्षा कहाँको लागि उपयुक्त हुन्छ त्यो कुरा त्यहाँको संस्कृति र परम्पराले जनाउँछ । अमेरिका गै अध्ययन गरी आएकोले नेपालीको पुस्तक लेखेर लेखिदैन र तदनुरुप शिक्षण पद्धति लागु गर्दैमा सफल हुन सक्दैन पनि । नेपाली भाषा र संस्कृतिको ठेक्का लिएकाले इङ्गलीस स्टायलमा मेकप गर्छन र राष्ट्रियताको उपदेश दिन्छन् । जुन उपदेशमा आधा भन्दा बढी विदेशी भाषा घुसेको हुन्छ । मन्त्रीहरूले दिएको भाषण जनताले आधा पनि बुझ्दैनन । माध्यमिक स्तरका किताबहरु काम लाग्दा छैनन । म एक नेपालीको शिक्षक भएर पनि यसको आलोचना गर्छु ।

नेपाली गद्य साहित्यका विद्वानलाई हामीले बिस्यौं । गद्य के हो भन्ने कुरालाई बिसेर हामी अंग्रेजी गद्यतिर ढल्क्यौं । हिन्दी साहित्य पनि त्यस्तो छैन, प्रेमचन्द्रको कुन बेलाको साहित्य हामी खोज्छौं त्यो तुरुन्त पाउन सक्छौं तर यहाँ त्यस्तो छैन । आधुनिक साहित्य अपनाए पनि हामीले पुरानालाई भुल्न हुँदैन । अंग्रेजी

साहित्यमा जस्तो पढाउँदा डान्स गर्नपर्ने अवस्था यहाँ छैन तर अंग्रेजीमा 'क्याट, भने मात्र पुग्छ भने नेपालीमा 'क्याट माने बिरालो, चिनाउनु पर्छ । नेपाली साहित्य लाई जीवन्त बनाउने प्रमुख उपाय हो- भाषाको शुद्ध प्रयोग ।

९. अहिले नेपाली पत्र-पत्रिकाको स्थिति के कस्तो छ र कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

खेताला– यतिका पत्र पत्रिकाहरु छन, रेडियो, टि. भी. आदि सबैका आफ आफ्ना भाषा छन । मेरो भनाई के भने भाषामा एकरुपता छैन । भाषा यस्तै हुनुपर्छ भन्ने कुनै नियम छैन । उदाहरणको लागि लिउँ 'थुप्रो' । पहिले पहिले माटाको थुप्रो ढुङ्गाको थुप्रो आदि ठाउँ अनुसार प्रयोग हुन्थ्यो तर अहिले मान्छेको पनि थुप्रो भन्न थालिएको छ । यो ठीक भएन । समूह अनुसारको यथार्थ शब्द प्रयोग गरिनु पर्‍यो । यस्ता सैकडौंकुराहरू छन जस्ले नेपाली भाषालाई बिगारी सकेका छन ।

कुनै पनि अंग्रेजले आफ्नो भाषालाई बिगारेर लेख्दैन । एक पटक भेप-राजजी र मैले अक्सफोर्ड यूनिभर्सिटीलाई एउटा पत्र लेख्यौं विषय भाषाको उच्चा-रण सम्बन्धी थियो । जस्तै- Do(डु) Go(गो) हुन्छ भने But(बूट) put (पूट) किन नहुने ? आदि आदि । हामीलाई लागेको थियो उनीहरुले यसको उत्तर पक्कै दिन्न तर जवाफ आयो धन्यवाद सहित । लेखेका थिए- परंपरा देखिको हाम्रो शब्दको बनावट जस्तो छ त्यसलाई हामी परिवर्तन गर्न सक्दैनौं ।

यसै सम्बन्धलाई लिएर मैले लेखनाथजीलाई पनि प्रश्न गरेको थिएँ – तपाईले 'पनी,(दीर्घ) किन लेख्नुहुन्छ ! यो के ठिक छ र ! उहाँले जवाफ दिनुभयो 'के भयो र, तपाईले पनि (ह्रस्व) नै लेख्नुहोस न, के फरक पर्छ र ! यस्तो छ नेपाली भाषाको स्थिति । जस्तो प्रयोग गरेपनि हुन्छ । यस प्रक्रयाले अन्ततः हाम्रो भाषा खिचडी भएर जान्छ ।

अहिले हाम्रो अगाडी मधुपर्क, गरिमा जस्ता संस्थागत पत्रिकाहरु देखि-एका छन । उनीहरुले एउटै नियम बनाउनु पर्छ र त्यो नियम सबै पत्र- पत्रिकाले

पालना गर्नु पर्छ । अर्कोतिर ब व श ष स इ ई उ ऊ आदिमा पनि विवाद देखा-परेको छ, यो अन्योलको पनि अन्त हुनुपर्छ ।

१०. हामीले पनि एउटा साहित्यिक पत्रिका 'दायित्व,को शुरुआत गरेका छौं। जुन पत्रिका यहाँलाई पनि टक्याएका थियौं । त्यसलाई कुन रुप दिंदा राम्रो होला ?

खेताला– मैले त्यो पत्रिका सबै हेर्न त भ्याएको छैन । तर जति हेरें त्यो राम्रो छ । सम्पादकीय अनुसार पत्रिकाको लक्ष्य पनि राम्रो लाग्यो । तर विषय सूचि हेर्दा गद्यको कमी पाएँ । गद्य साहित्यलाई बढी प्राधान्यता दिनुपर्‍यो । पद्यले समग्र जीवनको वास्तविकता लाई औंल्याउन सक्दैन । म यहाँलाई एउटा के सुझाव दिन चाहन्छु भने संस्मरणात्मक र यात्रा सम्बन्धी लेख राख्न सक्नु भयो भने पत्रिका रोचक हुन सक्छ । नेपाली साहित्यमा यस्ता लेखकको कमी छ । अर्को कुरा साहित्य सेवा गर्नेले चाकडी र बेईमानी गर्नुहुँदैन । हिजो आजका अधिकांश पत्रि-काहरु व्यापारिक उद्देश्य लिएर चलिरहेका छन । त्यो त एउटा जीवन चलाउने बाटो मात्र भयो । त्यस्तोलाई साहित्य सेवा भन्न मिल्दैन । विशुद्ध साहित्य सञ्चा-लनको लागि त त्याग तपस्या र इमान्दारिताको खाँचो पर्छ ।

वार्ताकार– प्रबन्धक

ON THE HAPPY NEW YEAR
2045

WE WISH PROSPERITY AND SUCCESS TO ALL OUR READERS PATRONS AND WELL WISHERS

DRUZBA (P) LTD
GSA SOVEAT AIR LINES
TEL 2,12397

SPEED AIR (P) LTD
GSA AIRLANKA
TEL NO 2,12831

KARTIPATH KATHMANDU NEPAL

वंगाली कविता

तिम्रो मुस्कान

—सैयद अहमद

म गाउँको एकान्तमा एक्लै बस्छु
सबै वातावरणको विचार गर्दै
यसको ठूलो चाहना गर्दै
तर प्रकृति माता नै मै माथि दृष्टि दिन्छिन्
जब म टाढा टाढा हुन्छु
यस्को तात्पर्य हराएको बुझ्छु
जुन सौन्दर्य मैले आफैंले देखेको थिएँ
यसको सत्यता अहिले अनुभव गर्छु ।
प्रकृति गाउँमा मात्र सीमित छैन
यदि तिमीले प्रयास गरेमा
तिम्रो वरिपरि झुम्मिएर आउँछिन्
त्यसैले मैले यसको सौन्दर्य देखेको छु ।
हो तिम्रो मीठो मुस्कान
कसरी यसको वर्णन गरुँ ?
के संग मैले दाँज्न सकुँ ?
यस्तो रमाइलो वातावरण
जस्ले मलाई दुःख र सुखमा,
एकान्तपना हटाउँदै
नव जीवन प्रदान गर्छ ।
जब तिम्रो मुस्कान सुनौला सूर्य र
साना साना झरनामा चम्किरहेको देख्छु
जस्ले मलाई अगाडि बढ्न भनिरहेका हुन्छन्

तिम्रै मुस्कान यसका रंगिन ढुंगा जस्ता,
जसका शुरु र अन्त्य छैनन ।

चिसो बतासमा तिम्रो मुस्कान पाउँछु ।
पहाडका उकालीमा तिम्रै मुस्कानको अनुभव गर्छु ।
चिसो बतास नचल्दा पनि,
तिम्रो मुस्कानले मेरो थकान हटाइदिन्छ ।
जङ्गली फूल जस्तै तिम्रो मुस्कान जस्ले
जङ्गलीपनालाई स्वर्गमा बदल्छ ।
चाँदीको चन्द्रमा जस्तो तिम्रो मुस्कान,
जस्ले अन्धकारमा मानवलाई
भय हटाई प्रकाश दिन्छ ।

तर, यी सुनौला सूर्य, फुर्ना, रंङ्गीन ढुंगा
शीतल बतास, चाँदीको चन्द्रमा पनि तिम्रो
मुस्कानसंग दाँज्न सकिंदैन ।
किनकि, तिनीहरूले मलाई एक टुक्रा मुस्कान
मात्रै आभाष दिन्छन् ।
तिम्रो आँखाको टलपल, पाउँछु ।
जब तिमी मुस्काउँदा
र मलाई नजिकै ल्याइदिन्छ ।
मेरो भावनाको वर्णन गर्छ,
सुन कुनै शब्दले पनि
गर्न सक्दैन ।

अनुवादक: डा. उर्मीला कार्की

स्मृति–

स्वर्गवासीका पत्रहरू

–रमल

यी पत्रहरू सीधै स्वर्गबाट प्राप्त भएका होइनन् अपितु यही मर्त्यलोकमा छँदा लेखिएका हुन् । जसले चीरकाल पर्यन्त यसै धरतीमा बाँचेर विभिन्न दुःख यातनाहरु सहेर भएपनि आफ्नो कर्तव्य निभाउन चाहन्थ्यो र अतुलनीय आशा र आकांक्षामा सुखलाई तिलाञ्जली दिएको थियो । उसलाई अल्पायुमै स्वर्गवासी हुने मन थिएन । तर विधिको विडम्बना त्यसो हुन पाएन । उसका अनन्त अभिप्सित सपनाहरु त्यसै बिलाएर गए मृत्तिकामय भए । उसको तपस्या पुरा हुन पाएन । अन्तकाल सम्म उसको निर्मल भावना र अभिलाषा कसरी अभिप्रेरित भएको थियो ती एक- एकशब्दहरूले हाम्रो हृदय पगाली दिन्छन्, आँशु बर्साई दिन्छन् ।

यो केवल एक नारीको मात्र व्यथा र समस्या होइन परन्तु आफ्नो उज्वल भविश्यको कामना बोकेर निर्गमित हजारौं युवकहरुका अर्धाङ्गिनीहरुको अन्तर्हृदय बाट उद्गमित हुने पीडाको आवाज हो ।

यहाँनेर एक नारीद्वारा लिखित अन्तिम तीन वर्षका पत्रहरुलाई लिईएको छ । हेरौं के भन्छन्- ती लामा लामा चिठीहरुको बीचबाट यथास्थितिमै उतारिएका यी अवशेष अंशहरुले,:–

धेरै भयो पत्र आएको छैन, मेरो केही गल्ती भयो कि फुर्सद पाउनु भएन ? मैले बधाईको अभिव्यक्ति र डेरामा समेत गरी चारवटा चिठी लेखिसकें तर एउटाको जबाफ पनि आएन ।

मेरो पेट पोल्ने गरेको पीसाब खराब भएर हो कि जस्तो लागेको छ, पीसाब पहेंलो छ, खानेकुरा बार्छु भन्दा पनि बुहारीको जातलाई हुँदोरहेनछ, बालाई सधाउन खेततीर लाग्दा आमालाई दुःख हुन्छ, आमालाई सधाउन खोज्दा बालाई दुःख हुन्छ, यसै गरी दिन बितिरहेकोछ, माइत पनि जान पाएकी छैन ।

०३६ साउन २४

म तीज पछि निकै बिरामी भएँ, अहिले ज्वरोसम्म घटेको छ । काँसो (खोकी) ले छोडेको छैन, जे पाई खान हुन्न । कोही आउने भए काँसोको दवाई पठाई दिनुहोला । पिसाब पहेंलो हुने र पोल्ने गरेको दवाई पठाई दिन भनेको भुल्नु भएको छैन होलानि!

०३६ भाद्र २७

बा लोटेर हात चलाउन नहुने भएको छ, आमाको पनि बेला बेलामा टाउको दुखीरहन्छ । तल खेतको धान मैले झारेर ल्याएर सकें । अहिले त साह्रै हरो छ । तपाई पनि पहिले जस्तो वर्ष वर्ष दिनमा आउने गरेर भएन । दाई छुट्टिए पछि त अब चाँडो चाँडो आउने गर्नुपर्‍यो । यसो भनी नभन्नु होला । बरु तानसेन-बाट नून तेल बोकाएर ल्याउनु भए हुन्थ्यो । हिजो तपाईका चिठी एकैचोटी तीन वटा आईपुगे । बा, आमा र म तीनै जना चिठी पढेर टिलपिल आँशु बनायौं, अरुले रुवाए पनि छोराले त आँशु पुछ्ला भन्नुभयो ।

०३६ मंसीर १३

। को हात बिग्रेको त होईन खाली उँभो लान हुन्न । लुगा लाउन र खान रोकिएको छैन । दाईले अंश मिलेन भनेर जञ्जाल मच्चाई रहनु भएको छ तलको खन्यान र पारीको सबै खेत उतापट्टी पारे मात्र मान्छु नभए अंश फेरी लगा-उन पर्छ । यो बण्डापत्र च्यातेर फालीदिन्छु भन्दै हिड्नुहुन्छ । बाहिरकाले उचालि दिएका छन् दाईले तमासा देखाईरहनु भएको छ । यस्तै शत्रु हाँस्ने काम भएको छ तपाई आएर नसम्झाएसम्म यस्तै हो ।

०३६ मंसीर १५

तपाई गएपछि तपाईका चप्पल लगाउँला भन्ने सोचेको त तपाई तगालो-बाट पार हुने बित्तिकै आँटीमा पुगेर थन्किए । अहिले त जेनोन चलेको छ वर्षामा चाहिन्छन् । कोठा खाली नभएकोले भन्याङ मुनि चिसोमा ओछ्यान लगाएकी छु । छोरो निकै सप्रेको छ थाहा नपाएकाले तीन महिनाको बालकलाई छ महिना भए होला भन्छन् । तपाई आउँदा सके एउटा छाता ल्याईदिनुहोला । आमाले पठाई दिनु भएको जाइफल सकियो । आउँदा २–४ वटा जाइफल र अलिकता मिस्री पनि ल्याउनु होला ।

०३७ बैशाख २४

आमा बिरामी हुनुहुन्छ, छोराको पनि औषधी सकियो तर सन्चो भएको छैन, मेरो हालत उस्तै छ अलि अलि दुखिरहन्छ । मलाई त पहिलेको भन्दा अलि कडा दवाई लिएर आउनु होला । खुदो १२५ चलेको छ, सबैले उधारो लैजान खोज्छन। न दिन पर्नेले दिन्छन् । दशैंमा अवश्य आउनु होला । त्यसबेला लाइटको बेटरी र छोरालाई नुहाउने साबुन र घाउमा लगाउने म्हलम लिएर आउनुहोला ।

०३७ साउन ११

तपाईले लेखेको चिठी तीजका दिन पाउँदा नखाए पनि खाए जस्तै भयो । अहिले ठूलो पानी आएर धेरैको खेत बाली नोक्सान भयो । हाम्रो गोठ परी पैरो गएर निकै डरलाग्दो भएको छ, फल्याक राखेर यताउता गर्ने गरेका छौं । हाम्रो खेत भने त्यति नोक्सान भएको छैन । डिगा बाच्छा पनि ठिकै छन । तर दुहुनो नभएर हिजो आज सुक्खा छ ।

०३७ असौज ५

तपाईले जागीर छोडेर घर आएर बस्ने भन्ने कुरा सुन्न थालेकी छु । मलाई भने केही भन्नु भएको छैन । हल्ला मात्रै हो कि साँच्चै हो । त्यसरी भएको जागीर पनि छोडेर हामीलाई सुख दिन घर बस्ने बिचार गर्नु भएको छ भने त्यो राम्रो भएन । मैले जति दुःख पाएर भएपनि घर थामेकी छु तपाईलाई दुःख दिन चाहन्न । थोरै पैसा भयो भने बरु अरु पढनुस् पढेर बढी पैसा मिल्ला । मेरो दलले म्याएसम्म गरिहाल्छु । तपाईले जागीर छोडेर कसैले स्याबास भन्दैन उल्टै शत्रु हाँस्छन् । तपाई अब आउदा छोरालाई न्यानो लुगा लिएर आउनु होला ।

०३७ असौज १५

चिठीहरु त हात परिरहेका छन, तीं चिठी हेरेर चित्त बुझाई रहेकी छु । पैसा पुगे एउटा ठूलो मोटो स्वीटर ल्याईदिनुहोला । सके त चाइनिज जुत्ता लाउन मन लागेको थियो । एउटा छाता पठाईदिनु भएको पनि बीचैमा रहिरह्यो । छोरा कहिले ठूलो होला र लैम्पको सिसा फुटाउला भन्ने त फुटाली हाल्यो । अहिले त निकै चुबुर्के भएको छ । अब आउँदा टुकी लिएर आउनुहोला । अरु साना चिजहरु त के भनुँ ? तपाईले जान्नु भएकै छ, एउटा साबुन देखे पनि शंका हुन्छ ।

छोराको कपालमा दाद भए जस्तो छ लोप्रा उप्कन्छ । केही औषधी भए ल्याउनु होला ।

०३७ मंसीर २२

खेत गोडेर त सकियो तर उखु गोडेर सकिएको छैन । दिनको तीन चोटी खेतमा धाउँछु । आज डोरो बाँध्ने पर्व थियो छेकियो ठिकै भयो । तपाई नभएको पर्व त आउँदै नआओस जस्तो लाग्छ । मैले आज छोराको फोटो खिचाएर आएँ अचाल त छोरो ज्यादै रहर लाग्दो भएको छ । मलाई भने दवाई खाएर सन्च लाग्छ कि भनी खान छाडे पछि फेरि दुख्न थाल्छ । अलि राम्रो डाक्टरलाई देखाउन पर्ने कि विचार गर्नुस ।

०३८ साउन ३२

यहाँको दवाइले त केही होला जस्तो लागेन । तपाईलाई धेरै दुःख दिएँ माफी दिनुहोला । यो अवस्थाबाट पार पाएँ भने बाकी स्वीटर पुरा गरी दिनेछु । धागो अलिकति पुग्दैन कि आउँदा एउटा बाउलोलाई पुग्ने धागो लिएर आउनुहोला चीसोमा मलाई जुत्ताको आवश्यक छ । के भएको हो कुन्नि सुख्खा काँसोले छोडेको छैन । डाक्टरले दिएका अरू दवाई पनि भने अनुसार खाइ राखेको छु । पेट दुखेको बेलामा मात्र खान भनेको दवाई पनि खाई नै राखेकी छु । खाली गरे दुख्न थाल्छ । आमाको भित्री रोग पनि ज्यादै डरलाग्दो छ । तपाईलाई भन्नुहुन्न । मलाई थाहा छ । सकि नसकि गर्नुहुन्छ, म यस्तै भएँ कस्ले गरोस । घरमा नून मट्टीतेल केही छैन । यस्तो बेलामा एक फिटिक आउन सक्नु भए धन्य हुने थियो ।

०३८ माघ ७

– नम्रताले मनुष्य त के देवता पनि तिम्रो वशमा हुन्छन् ।

– लोकमान्य तिलक

– अरूलाई उपदेश दिंदा हामी डोकामा भरेर दिन्छौं तर लिंदा तिलसंग जोखेर लिन्छौं ।

– डब्लु आर आन्का

बाबुले गालामा सुम्सुम्याउँदा

—वासुदेव अधिकारी

खेताला भई गाउँ वेसी फुरेर
आफूलाई पगाली पसिनामा छरेर
कति वसन्तहरूले उनलाई छोएर गयो
उनले अनुहारभरि लेखिराखेका छन्
कति सिर्जनाका हाँडीहरू फुट्ने गर्दछन् जीवनमा
र कतिपल्ट आफ्नो मुटु पगालेर छर्कनु पर्छ जमीनमा
यसको उत्तर थाहा छैन उनलाई
मुटु पगाल्नु पर्छ
कलेजो चुडाउँनु पर्छ
घाम र पानी ओत्न
आफ्नै शरीरलाई छाता बनाउनुपर्छ
मात्र यति थाहा छ उनलाई ।

हरियो रङ्ग पोखिएको कितावमा प्रकृति छैन
राता अक्षरहरू रगत होइनन्
मेरा बाबु
हरियो बिरुवाहरू फुलाउन चाहन्छन्
आफू पोखिएरै पनि
सृष्टिका ढोकाहरू खुलाउन चाहन्छन्
उनको हातमा
बर्षैपिच्छे कोदालोले आँबला थप्छ

उनको अनुहारमा
वर्षाको आगमनले हर्षको कविता लेख्छ
गहौं बादललाई निचोर्न सहँ मञ्जिन्छन् उनी
हामीहरुले पनि माटोलाई माया गरे
शायद खुसिन्छन् उनी ।
मेरो माया भन्दा
उनको माया फरक छ माटोसित
उनका सपनाहरु माटोसंगै लहरिन्छन् / तरंगिन्छन्
र ममा आएर फैलिन्छन्
मेरा बाबु
श्रमका मौलिक लहराले सजिएका बाबु
सधैं निचोरिरहन्छन् आफूलाई
सधैं चलाईरहन्छन् माटोलाई / जमीनलाई
म कापीमा कविता लेख्छु
उनी आफ्नै गालामा/ हृदयमा
म अक्षरमा आगो बाल्छु
उनी आफ्नै हातमा ।
सिर्जनाका परागहरू रोप्ने
मेरा कृषक बाबुको हातले गालामा सुम्सुम्याउँदा
यस्तो लाग्छ--
उनको माटोको माया ममा सरेको छ
उनको सपना स्पर्शका फूलबाट झरेको छ ।

धादिङ

– आफ्नो देशको जिनिस जडिबुटी विदेश लैजानु र नगद लैंचनु ।

– श्री ५ पृथ्वी नारायण शाह

सामयिक चर्चा

—कमल प्रसाद ज्ञवाली

अह्राएको बुद्धि

एकपटक छोराले काठमाण्डौ जान्छु बा ! भन्दा बाबुले निन्याउरो मुख लगाएर भनेका थिए- 'छोरा जान त जा, तर काठमाण्डौमा हिंड्दा र बाटो काट्नु पर्दा धेरै होशियार भई दुवैतर्फबाट गाडी नआएको बेला बाटो काट्नु, बीच सडक-बाट नहिंड्नु । गाडीले हान्यो भने ऐय्या भन्न पनि पाइँदैन ।,

तर जब छोरा काठमाण्डौमा बस्न थाल्यो, उसलाई काठमाण्डौको हावाले छोइहाल्यो । उ निस्फिक्री हिंड्न थाल्यो । बाटो काट्न उसलाई केही क्षण रोक्न पनि आवश्यक परेन । उसले शहरबासीलाई देख्यो कि बाटो काट्दा हेर्नु पर्ने त चालकले मात्र रहेछ । मानिस नआएको समयमा गाडी चलाउन नपर्ने । नटेरी हिंडेको मानिसलाई गाडीले छोयो भने मात्र पनि चालकको गल्ती स्वत सिद्ध भएको ठाउँमा कहाँ चोरले झैं पूर्व पश्चिम हेर्न थाल्ने । आधा मिनेट हरियो बत्तिलाई पर्खन नसकी गाडीको बीचबाट सडक पार गर्न सके आफूलाई गौरवान्वित ठान्ने हामीलाई रातो बत्तिको के मतलब ?

समय समयमा चोक चोकमा पुलिस बसी यातुहरुलाई सम्बन्धित ठाउँबाट सडक पार गर्न सहयोग गर्छन भने हामीहरू पुलिसकै आँखा छली बीच सडकबाट हिंड्न छोड्ने पक्षमा छौं । केही गरी पुलिसले देखेर निठी बजाई हाल्यो भने नगर को बसको सिटमा बसेको युवकले छेउमा उभिएका बूढा, बूढी, आईमाईहरुलाई मुखमा हेरे सिट छोडिदिनुपर्ला भनेर घोप्टो टाउको गरी बसे झैं घोप्टो टाउको गरी लुरु लुरु हिंड्छौं । यही हो त हाम्रो पुरुषार्थ !

के पुलिसले यो सहयोग आफ्नो लागि गरेका हुन् त ? अवश्य पनि होइन । हाम्रो जीउ, धनको सुरक्षाको लागि नै पुलिसले सहायता गरेका हुन भनेर सोच्ने शक्ति हामीमा कहाँ गयो ! रत्नपार्क, शहिदगेट र न्यूरोडमा बसेर अमेरिका र रुसको सम्बन्धबारे छलफल गर्ने हाम्रो बुद्धि त्यही हो त, पुलिसको आँखा छलेर हिड्न खोज्ने ! हामीहरु आफैंले यो बानी बसाल्नु पर्दछ कि पुलिसको सहयोग बिना नै सम्बन्धित ठाउँबाट सडक पार गरौं । पशुलाई तालिम दिएपछि कस्तो आज्ञाकारी हुन्छ भने हामी त चेतनशिल मानिस हौं । हामी हिडेको ठाउँबाट हिड्न नब आगन्तुकलाई पनि कर लाग्दछ र हामी सबैलाई पुलिसको सहयोग आवश्यकता पर्दैन । यो अरूले सिकाएर हैन हामी जस्तो बुद्धिजिवीले आफ्नै खोपडीले सोच्नु पर्दछ, आफ्नो जीउ, धनको सुरक्षा आफैं गर्नुपर्दछ । "अह्राएको बुद्धि र भरेको मानो" स्थायी हुँदैन भन्ने लोकोक्तिलाई नभुलौं ।

पुरस्कार

रेडियो नेपालबाट विज्ञापन सुन्दै आएका छौं र हाल पनि सुन्दछौं । विज्ञापन प्रसारण गर्दा प्रायः जसो उत्पादनमा पुरस्कारको व्यवस्था गरेको सुन्नमा आएको छ । के विज्ञापनमा प्रसारण गरेजति पुरस्कारको व्यवस्था गरिएको हुन्छ त ! जे सुकै होस, कुरालाई नलम्ब्याउँ । आखिर पुरस्कारको रकम आउँछ कहाँबाट ! के उत्पादकले आफ्नो व्यक्तिगत सम्पत्तिबाट व्यहोर्छन! के बैंकहरुबाट ऋण लिन्छन् ? हैन कहाँबाट हैन । आखिर कहाँबाट भन्दा उत्पादित वस्तुको बिक्रीबाट । पुरस्कारको रकम सधैं उपभोक्ताबाट असुल गर्दछन् ।

जुनसुकै वस्तुको पनि मूल्य निर्धारण गर्दा वस्तु उत्पादन गर्दा लाग्ने लागतको दृष्टिकोणले निर्धारण गरिन्छ । तर यहाँ विज्ञापन सुन्दा के लाग्दछ भने उत्पादकले त्यस वस्तुको बिक्रीबाट वस्तुको उत्पादन लागत, पुरस्कारको रकम, नाफा र विज्ञापन खर्च समेत प्राप्त गर्न सक्दछ भने हामीले उपभोग गरेको वस्तुबाट कति

मूल्य तिरेर कति उपयोगिता प्राप्त गर्न सक्दा रहेछौं भन्ने कुरा स्वत स्पष्ट छ । कुनै वस्तुको उपभोगबाट हामी कतिमम्म घाटामा परेका रहेछौं भन्ने कुरा हामी जस्ता करोडौं उपभोक्ताको पनि सो आम्दानी सीमित छ । (कुनै वस्तु भन्नाले पुरस्कारको व्यवस्था भएका) हाम्रो आम्दानी सीमित छ भने हामीले बाध्य भएर पनि धोती, टोपी गरि दिन बिताउनु परेको छ ।

पुरस्कारको सट्टामा उत्पादकले वस्तुको मूल्य घटाएर वा वस्तुको गुण-स्तरमा वृद्धि गरी उपभोक्तालाई आकर्षण गर्न सक्दछ भने अनावश्यक रूपमा बढी मूल्य लिएर पुरस्कारको रकम किन राख्नुपर्‍यो ! पुरस्कारको रकमबाट वस्तुको मूल्य घटाउने वा त्यो रकमले वस्तुको गुणस्तर बढाएमा के उत्पादकको वस्तु बिक्री हुँदैन ! के उत्पादकलाई नाफा हुँदैन ? अवश्य हुन्छ । साथै पुरस्कारले १- २ जना लाई फाइदा हुन्छ भने यसरी प्रत्येक उपभोक्तालाई फाइदा पुग्न जान्छ ।

यसैले पुरस्कारको व्यवस्था नगरेर उपर्युक्त दुइ मध्ये एक तरिकाबाट वस्तुको उत्पादन गर्नु नै उत्पादक र उपभोक्ता दुवैको लागि लाभदायक हुन जाने छ ।

जुहाङ- गुल्मी

एउटा बच्चा बडो चञ्चल र चलाख पनि थियो । त्यसलाई देखेर एक जना भलादमीले भन्यो– तिमीले बसेर केही लेख्न ।

बच्चा– कुन हातले लेखूँ !

भलादमी– भात खाने हातले

बच्चा– भात त मलाई आमाले खुवाउनु हुन्छ ।

एउटा जिद्दीवाल छोराले बाबुसग दीपावलीमा बत्ती बाल्न भनिरहेको थियो त्यसबेला बाबुले छोरालाई भने– बाबु ! मेरा बा (तिम्रो हजूर बा) स्वर्ग भएको हुनाले बत्ती बाल्न हुन्न ।

– छोराले भन्यो - तपाईको पो बा मरेर बाल्नु भएन मेरो बा (तपाई) त जिउँदै हुनुहुन्छ । म त बाल्छु बाल्छु ।

बुद्धको सम्झनामा

–धरतीचन्द्र "यात्री"

बुद्ध ! तिम्रो सम्झनामा
हर्षको आँशु बगिरहेछ ।
जुन दिन तिमीले यस धरतीमा
नवीन सन्देश छोडेर गएका थियौ,
त्यसैको सम्झना स्वरुप
बुद्ध ! म तिमीलाई
अन्तर हृदयको मर्म पोख्दैछु
बुद्ध ! आज ती अज्ञानीलाई,
ज्ञानले पूर्ण गराउन
तिम्रो बोधिसत्व चाहिएको छ ।
अशान्ति मन लिएर
छटपटिएकाहरुलाई
बुद्ध ! तिम्रो सन्देश चाहिएको छ ।
त्यसैले बुद्ध !
म तिमीसंग भन्दछु
यो धरतीमा एउटा
भयङ्कर युद्धको प्रलय–
हुन लागिसक्यो
तिमी चाडै नै बोधिसत्व लिएर आइदेउ ।

नुवाकोट थान्सिंग

—लघुकथा

कस्तो माया !

यराप शर्मा

'मायाँ ! म संग अब तिम्रो रूप र यौवनको कुनै मूल्य छैन ।" कुमारले आफ्नी दोस्री दुलहीसंग भनेको कुरा थियो यो ।

कुमार एउटा सुशिक्षित र एउटा राम्रो जागिर समेत खाएको मान्छे । उसको घर पश्चिम नेपालको एउटा गाउँमा पर्छ । उसका बाबु पहिले त्यस भेकका मुखिया थिए । गाउँलेहरूले उनलाई 'मुखियाबाजे' भनेर संबोधन गर्छन् । उनको छोराको नाम थियो- कुमार ।

कुमार आजकल आफ्नो जागिरमा काठमाण्डुमै बस्छ । उसले बि. ए. पास गरिसकेको छ । ऊ दुई स्त्रीको पति पनि भएको छ र एक छोरी र दुई छोराको बाबु । ऊ आफ्नै गाउँको हाइस्कूलमा एस. एल.सी. पास गरेर एउटा जागिरको बन्दोबस्त गरी काठमाण्डुमै उच्च शिक्षा हासिल गर्न गएको थियो । एस. एल. सी. पास हुँदा नहुँदै ऊ एक छोराको बाबु भैसकेको थियो । उसको बिहे पनि आफ्नै सरहकै कुलघरानामा भएको थियो । यद्यपि उसको चाँडै बिहे गर्न मन थिएन, तापनि घरमा अर्की एउटी बुहारीको खाँचो र दाइजोको लोभ तथा केटीको रूप र यौवनमा लहसिएर गरेको थियो । तर उनीहरूको दम्पति त्यस गाउँमा एउटा आदर्शको नमूना बनेको थियो । तिनीहरू आपसमा असाध्य प्रेम गर्थे एकको अभावमा कुनै पनि बाँच्न नसक्ने स्थितिको सिर्जना भैसकेको जस्तो थियो ।

तर अफसोसको कुरा ती दुईको प्रेम त रूप र यौवनको छहारीमा मात्र हुर्केको रहेछ । शास्वतता भनेको चाहीं शून्य । काठमाण्डु गएपछि उसको जीवनले अर्कै मोड लिन थाल्यो । क्याम्पसको जीवनकाल संगसंगै उसको एक केटीसंग घनि-

ठ्ठसा हुन थाल्यो । केटी पनि सहपाठी नै । कुमारले आफ्नो प्रथम विवाह र आफू बाबु बनिसकेको कुरा लुकाएर राख्न सिक्यो । ऊ त्यस केटीको अगाडी कुमार नै देखावन्यो । हुँदा हुँदा तिनीहरुको प्रेम भावुकताको दुनियाँमा लगाम विहीन घोडा झैं उड्न थाल्यो । सहपाठीहरुमा पनि यो कुराको चर्चा चल्न थाल्यो । कहिले पिकनिक जान्थे, कहिले काठमाण्डू वरिपरि प्राकृतिक रमणीय स्थलहरु घुम्न जान्थे । आफ्नू डेराकक्ष वाहेक यी दुईको प्रेम गन्थन गर्ने औसरहरु पनि त्यतिवेलै प्राप्त हुन्थे । प्रेमिका भनाउँदीको रूप र यौवनमा ऊ राम्रैगरी फसेको थियो । उनको प्राप्तिको लागि ऊ जे पनि त्याग्न तयार छ । मानौं संसारमा पहिलो चाहना नै उनी थिइन् ।

कुमारले बि. ए. पास गऱ्यो र अधिकृत सरहको जागिर खाइसकेको थियो । अनि उनी पनि आई. ए. पास गरेर पहिल्यै पढ्न छोडीसकेकी थिइन् । आखिर त दुवैको बीच काठमाण्डुमै विवाह भयो । बाबु आमाले पनि मायालाई साह्रै माया गरेका थिए । चलन अनुसार धुमधामका साथ विवाह भयो । तिनीहरु अब एकै डेरामा बस्न लागे । तर कुमारले बाबुलाई ससेत त्यस घटनाको थाहा दिएनन् ।

कुमार र मायाको दिनचर्या काठमाण्डुमै वित्न थाल्यो विहान अवेलासम्म सुत्नु, उठेर खाना खाएपछि अफिस जानु र अफिसबाट फर्केर आएपछि मायालाई लिएर कतै टहल्न जानु कुमारको काम हुन्थ्यो । मायाको पनि घरको खानपीन धन्दा र फुर्सदको समय कुमारसंग जिस्किएर बस्नु बाहेक अरू काम थिएन । शनिबारको दिन पिक्चर हेर्न जाने उनीहरूको अनिवार्यता जस्तै थियो ।

मायाले पहिले एक छोरीको जन्म दिईन् । त्यसको लगत्तै दुई वर्षपछि कुमारलाई एक छोराको बाबु पनि बनाइदिइन् । अब उनको दिनचर्यामा छोरा छोरीको सुसार गर्नु पनि थपिएको छ ।

कुमार आजकल पहिले झैं त्यति राम्रोसंग बोल्दैनन् । कोइली कण्ठ ध्वनी झैं सुनिने मायाको बोली कुमारलाई आजभोली न्याउलीको रुखो उद्गार झैं लाग्न थालेको छ । मायाको रुप र यौवन अब उसलाई खल्लो लागिसकेको छ । पहिलेको उसले देख्ने देखाइको सुन्दरता हराए झैं अनुभव गरिसकेको छ । त्यस्तै मायाको मन आजकल खिन्न छ । एक दिन कुमारको घरतिरबाट आएको मान्छेद्वारा उनले

कुमारको घरमा अर्की दुलही र छोरो समेत भएको खबर पाइसकिछन् । त्यसैले उनी पनि इनताका कुमारसंग त्यति राम्रो बोलिदिनन् । उनका सुन्दर सपनाको पखाल भत्केको छ । उनी टेक्दा धर्ती भासिए झैं मान्छिन् । मूर्तिलाई सौता मानु परे त उनीहरू तसिन्छन् भने साक्षात् सौता छन् रे भनेको सुन्दा उनको मन अवश्य रहेन होला ।

शनिवारको दिन पिक्चर जाने समय भैसकेको थियो । तर आज त्यसको कुनै पूर्वतयारी थिएन । दुवै छक्कित भएर बसेका छन् । यत्तिकैमा मायाले भनिन् "कस्तो धूर्त मान्छे, घरमा स्वास्नी र छोरा राखेर मलाई यो भड्खारोमा ल्याएर फाल्ने ! हृदय नभएको मान्छे !"

"खोई कस्ले भन्यो ? त्यसै शत्रुको हो हो मा लाग्नु हुन्छ !" कुमार अलि तसिए झैं कालो निलो अनुहार पारेर भन्छन् ।

"भयो, अझै झुक्याइरहनु पर्दैन / आज नकारे पनि भोलि दिन जस्तै छलङ्ग हुने कुरा हो / एउटा निश्छल माया र सुन्दर रहर बोकेर सुनौला भविष्य-को इच्छाले मैले जुन बाटो अपनाएकी थिएं, त्यो बाटो अब यहीं आएर टुंगियो / मैले जन्माएका मुटुका टुक्रा जस्ता यी छोराछोरी प्रति मेरो पनि उत्तिकै माया र जिम्मेवारी छ / यिनीहरूको भविष्यसंग मेरो नाता छ / त्यसैले आफ्नो गल्तीलाई स्वीकार्ने काम गर्नोस, तब यी घर (कोठा) आज मेरो बसाईको अन्तिम दिन हुनेछन् /

"त्यसो नभन माया, त्यसो नभन, तिमीलाई मैले अघि जुन रुपमा हेर्थें त्यो साह्रै नमिल्दो रहेछ / मैले त तिम्रो बैंस मात्र हेरेको थिएं, तर तिम्रो दीर्घ जीवनको कुनै वास्ता गरिन / तिमी आईमाईलाई मैले जे जस्तो सोचें, त्यो आज छैन / म स्वीकार्छु कि मैले एउटा भुल गरें ।"

"धेरै कुरा होइन, अब तपाईका सामु दुइटा कुरा राख्छु- एक, हामी दुवै (घरकी सौता समेत) लाई बराबर रुपले हेर्नु (किनभने छ पनि एक स्वास्नी हो र कामी पुरुषबाट उत्पीडित छ, स्वतन्त्र र समान अस्तित्व छैन), अर्को, म बाट जीवनभर अलगिनु /" कुमारले एकछिन सोचमग्न भएर भन्यो, "सामाजिक र

कानूनी रुपले म अपराधी भएको छु / एउटा अपराधीलाई सजाय नदिनु अर्को अपराध निम्त्याउनु भए काले म सजायको भागी छु / तिमी मलाई सजाय देऊ / त्यो सजाय तिमी यहीं बसेर देऊ, अन्त कतै गएर होइन । मैले तिमीलाई बुझन सकिन /"

"यसको अर्थ तपाई अब हामी दुवैलाई कुनै अवस्थामा पनि अघिको जस्तो दृष्टिकोण राख्न सक्नुहुन्न ?"

"हो माया, अब मलाई त्यस्तै हुन सिकाऊ /"

कुमारले मायाको अनुहार हेर्ने नसकी घोसेमुन्टो लाएर बसेको थियो / बाहिरबाट छोरी आएर 'डेडी' भन्दै उसको काखमा आएर बसी / कान्छो छोरो मुखमा औंला राखेर पलंगमा निदाइरहेको थियो /

रामपुर –पाल्पा

नववर्ष २०४५ को शुभकामना

–ठाकुर शर्मा

सत्यं शिवं सुन्दरता भरेर
इर्ष्या र द्वेष क्रोध सबको हरेर
सेवा गरौं आज सबै मिलेर
फूल शान्तिको ली मनमा भरेर ॥१॥

नवीनता देश भरी फिजाउँ
एकत्व भावले सब नै रमाउँ
दायित्व यही धरती भरीमा
हाम्रो शुभेच्छानववर्ष दिनमा ॥२॥

कविता

लाहुरे

—इन्द्रकुमार श्रेष्ठ'सरित्'

दोश्रो विश्वयुद्धका महाचोटहरू
अझै पनि घाउ ससारिरहेका छन्
गाउँ घरमा छटपटाईरहेका छन् ।
पीडादेखि कहालिएर पनि मृत्युलाई
अंगाल्न नसकिने हुँदा
ऐय्या र आत्यासंगै मानवीय रोदन, चित्कार
गुञ्जि नै रहेछ ।
यो अन्तहीन शुरुआतको घृणित परिपाटी
हाम्रो देशमा अझै विद्यमान छ,
आफ्नो खूनी पञ्जा
देशको सुन्दर अनुहारमा गाडेर
सफलताले त्यो परिपाटि उन्मुक्त अट्टाहास लगाईरहेछ ।
एक बोट लाली गुराँस फुलाएर
मीठो नमीठो खाएर पनि सन्तुष्टिको श्वास फेर्दै
देशको सेवामा जीवन अर्पण गर्ने
नेपाली युवाहरुलाई कम्पनी सून र
डलरको छङ्ग छङ्ग आवाजले भुलाएर
मलाया र हङ्गकङ्गको रंगिनीमा लोभ्याएर
मनभित्रका सम्पूर्ण हथाउ पनि पन्छयाएर
एउटा घृणित खेल

अन्त्यहीन रुपमा सञ्चालन भईरहेछ ।
जसका सञ्चालकहरु मोटाए र अझ सोझा
जनताहरूलाई खान आफ्नो शरीरभरि
अरू ऐंजेरु उमार्दै गईरहेका छन् ।
अक्टोपरासको अस्तित्वसरि घृणातुल्य ।
स्वाभिमान र वीरताको परिचायक नेपाली
नेपाली वीरांगना आमाहरुले दशधारा दूध
लुरो कुकुरहरुलाई चुसाएकी होइन भन्ने तथ्य
आँखामा पट्टी बाँध्ने र बधाउँने दुर्बलाई थाहा हुनुपर्ने
यी क्यारीमका मोटीहरुलाई थाहा हुनुपर्ने
स्ट्राईकर एकदिन खिए र आफै अस्तित्वहीन हुनेछ भनेर ।
भेंडा, बाख्रा, पशु सरह मान्छेको
शारीरिक मूल्याङ्कन गर्दै,
उडाए र, गुडाए र लगेर
हातमा राईफल र बन्दूक थमाई दिए र
के ती खरीददारहरुले
मान्छेको सिङ्गो मन पनि किन्न सक्छन् ?
आमाको वात्सल्य, ममता,
चेलीको आँसुको भार पनि मोल तिरेर
के उनीहरुले किन्न सक्छन् त ?
कम्पनी सून र डलरको सामर्थ्यमा
मान्छेको शरीर बिक्न सक्छ,
केही क्षण बेहोसीमा ।
चेतनावस्थामा तर
मान्छेको मन कहिल्यै बिक्न सक्दैन ।
स्वाभिमानी गोर्खालीको खून पानी बनिसकेको छैन,
आँखाको पानी सुकेर निर्लज्ज बनेको छैन,

आफ्नो देशलाई माया गर्ने मुटु
पैसाले पत्थर बनाउन सकेको छैन ।
तर गोर्खालीको शरीर बेच्ने ती
फौवज्जर र माध्यमहरूको
अस्तित्व रहुञ्जेलसम्म
गोर्खाली यसरी नै बिकी नै रहनेछ ।
बोर्नीको जङ्गलमा छोराको लाश सम्झेर
चिसो छिडीबाट
आमाको करूण रोदन गुञ्जि नै रहने छ ।

सुनसरी

नववर्ष २०४५ को सुखद उपलक्ष्यमा
हार्दिक शुभकामना

–डा. ड़िल्ली राज कडेल

(गुल्मी जि. पं. सदस्य)

नववर्ष २०४५ को पुनीत उपलक्ष्यमा
समस्त देशवासीहरूमा
मङ्गलमय शुभकामना

–अंचलाधीशको कार्यालय

लुम्बिनी अञ्चल, बुटवल

दायित्व बोल्छ !

अनुरोध

प्रिय साहित्य श्रृष्टिकर्ताहरू !

हामीले नवोदित साहित्यकारका रचनाहरूलाई स्वागत गरि नै राखेका छौं । यसो भन्दैमा बुझ्दै नबुझिने गरी लेखेर हामीलाई अर्को कागजमा सफासंग सार्न कष्ट नदिनु होला । कविताको मात्र बाहुल्य भएकोले हामीलाई प्राप्त भएका धेरै कविताहरु प्रकाशित गर्न सकेका छैनौं । अतः यहाँहरुले कवितामा मात्र ध्यान केन्द्रीत नगरेर छोटा कथा, छोटा तर सारपूर्ण कविता तथा नाटक र निबन्ध आदि मा समेत हात बसाल्ने प्रयास गर्नु भएमा राम्रो होला कि! भन्ने दायित्व परिवारको अनुरोध छ ।

यथेष्ट सहयोग

नेपाली साहित्यको प्रगतिमा सदैव अभिप्सा राख्ने डा. मथुरा के. सी. ले 'दायित्व' को निम्ति यथेष्ट आर्थिक सहयोग उपलब्ध गराउनु भै साहित्य सेवीमा हौसला एवं उत्साह थपि दिनु भएकोमा दायित्व परिवार गौरवान्वित भएको छ ।

एक प्रतिभा

साहित्यकार श्री इन्द्र कुमार श्रेष्ठ 'सरित' ले हामीलाई पठाउनु भएको पत्रानुसार उहाँले गोरखापत्र, मधुपर्क, गरिमा, रत्नश्री लगायत विभिन्न दैनिक एवं साप्ताहिक पत्र पत्रिकाहरूमा १३ कथा ५६ कविता र २३ वटा लेख निबन्ध तथा समालोचना प्रकाशित गरी प्रशीद्धि कमाइ सकेर पनि नवजात 'दायित्व' प्रति माया जगाई 'लाहुरे' कविता पठाई सहयोग गर्नु भएकोमा उहाँ प्रति दायित्व परिवार धन्यवाद ज्ञापन गर्दछ ।

आमन्त्रण

जिनरयु आई जन काई मैत्री परिवार संघ जापानबाट नेपाल भारत र श्री लंकाको लागि आएको एक प्रतिनिधि मण्डललाई नेपाल जापान मैत्री संघका अध्यक्ष श्री मदन बहादुर प्रधानले स्वागत गर्नु भयो । सो संघको कार्यालय कमलपोखरीमा भएको स्वागत कार्यक्रममा दायित्व परिवारलाई पनि आमन्त्रित गरिएको थियो ।

कार्यक्रमको शुरुमा कलामन्दिरका कलाकारद्वारा एक स्वागत गान गाई-एको थियो । जसको बोल थियो–

'विश्व केन्द्रका आइजन प्रतिनिधि तिम्रो स्वागत गर्छौं
विश्व शक्तिलाई सुनाईदेउ आइजन संसार बनाउछौं,
यसको आशय हो विश्वमा शान्तिको एउटै संसार बनाउंछौं

वास्तवमा दोस्रो विश्व युद्धले ध्वस्त भएको जापानले विश्व शक्तिको कल्पना गर्नु अनौठो कुरा होईन ।

स्वागत गान पछि जापानी संस्कृतिमा आधारित शुद्धिकरण र अर्चनाको कार्यक्रम गरिएको थियो । करिब १ घण्टासम्म भएको अर्चनामा दुईजना जापनी गुरुहरुद्वारा ४/४ पटक ताली बजाएर विभिन्न प्रकारले ओमोतो (देवता)को आराधना गरिएको थियो ।

त्यसपछि चार सदस्यीय प्रतिनिधि मण्डलमा आउनु भएका सीमामोतो, साइतो, नागातोयो र ईचितो बाट आज विश्वमा बन लंगलको समस्या छ सो समस्याको निराकरण गर्न आजै देखि हामी सबै सजग भएनौ भने केही वर्ष पछि नै विश्वले विकराल समस्याको सामना गर्नु पर्ने छ भन्ने चेतावनी दिंदै अगाडी भन्नु भयो– देशको स्वार्थको निम्ति ज्यान दिन पनि पछि पर्नु हुन्न । सानो चिज भन्दैमा फालीहाल्नु हुन्न भन्ने सम्बन्धमा एउटा खेस्रा देखाउदै नागामोतोले भन्नु भयो– यो खाम मैले कसैले पठाएको चिट्ठीबाट पाएको थिएं तर यसबाट मैले अरु काम लिन सक्ने भएकोले फालेको छैन । अर्को साइतोको भनाई झन मर्मस्पर्शी थियो– दोस्रो विश्व युद्ध पश्चात मेरा सन्तान बमको आहुती भए म एक्लो बाँकी रहें । मेरो सम्पत्ति केही थिएन मैले माग्ेर खान्थें। अहिले म जुन अवस्थामा छु त्यो मेरो धैर्यता र हिम्मतको फल हो ।

अन्तमा कृतज्ञता ज्ञापन गर्नु हुदै मदन बहादुर प्रधानले जिनरयु आई जेन काइको उद्देश्य माथि प्रकाश पार्नु भयो र नेपालको वस्तुस्थिति बारे विवेचना गर्नु भयो ।

दायित्व परिवार सो कार्यक्रमको स्वागत गर्दछ ।